(४) प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमाजिम विशेष व्यवस्था गरिने ।

(५) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिने ।

(६) दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्न हक हुने ।

(७) राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई सोका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउने ।

(८) राज्यले भूमिहिन दलितलाई कानुन बनाई एक पटक जमिन उपलब्ध गराउनुपर्ने ।

(९) राज्यले आवासविहिन दलितको लागि कानुन बनाई बसोबासको व्यवस्था गर्ने ।

संविधानको धारा ४०(७) मा दलित समुदायको लागि उक्त धाराद्वारा प्रदत्त माथि उल्लेखित सुविधाहरू दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रुपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्ने स्पष्ट उल्लेख गरिएको पाइन्छ । यदि माथि उल्लेखित न्याय सम्बन्धी हक र दलितको हक हनन भएमा नेपालको संविधान, २०७२ को धारा ४६ मा उल्लेखित संवैधानिक उपचारको हक प्रयोग गर्दै धारा १३३ अनुसार सर्वोच्च अदालतमा वा धारा १४४ अनुसार उच्च अदालतमा निवेदन दिई उपचार प्राप्त गर्न सकिने व्यवस्था वर्तमान संविधानले गरेको छ । त्यस्तै गरी संविधानको धारा २७३ मा भएको संकटकालीन व्यवस्थालाई हेर्दा धारा २० अन्तर्गतको न्याय सम्बन्धी हक संकटकालीन अवस्थामा समेत निलम्बन गर्न सकिँदैन तर धारा ४० अन्तर्गतको दलितको हक भने संकटकालीन अवस्थामा निलम्बन गर्न सकिने व्यवस्था रहेको पाइन्छ ।

**(५) राज्यका प्रमुख तीन अंग (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) ले गर्ने प्रमुख कार्यहरूको तालिका बनाई ती कार्यहरू बारे संक्षिप्तमा व्याख्या गर्नुहोस् ।**

राज्यको कार्य सञ्चालनमा प्रमुख तीन अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको आ-आफ्नो भूमिका रहेको हुन्छ । यी अङ्गहरू बीचमा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको माध्यमबाट काम कारवाहीमा अहस्तक्षेप र सन्तुलन कायम गरी राज्यको दैनिक प्रशासन सञ्चालन गर्ने कार्य आधुनिक, सभ्य र लोकतान्त्रिक मुलुकहरूले स्वीकार गरेको पाइन्छ । कार्यपालिकाको प्रमुख कार्य मौजुदा कानुनको कार्यान्वयन मार्फत मुलुकको दैनिक शासन सञ्चालन गर्नु हो । त्यस्तै गरी व्यवस्थापिकाको प्रमुख कार्य राज्य सञ्चालनका लागि आवश्यक नयाँ कानुनको निर्माण तथा मौजुदा कानुनमा संशोधन गर्नु हो । न्यायपूर्ण समाजको स्थापना गर्नु राज्यको प्रमुख दायित्व हो । जुन उद्देश्य प्राप्त गर्न न्यायपालिकाले संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तअनुसार न्याय सम्पादन गर्ने प्रमुख कार्य गर्दछ । तल राज्यका प्रमुख तीन अङ्ग (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) ले गर्ने प्रमुख कार्यहरूको तालिका बनाई संक्षिप्त व्याख्या गरिएको छ ।

| राज्यका प्रमुख तीन अंगले गर्ने प्रमुख कार्यहरूको तालिका |
|---|
| **कार्यपालिकाका प्रमुख कार्यहरू** |
| (क) मुलुकको दैनिक शासन/प्रशासन सञ्चालन गर्ने कार्य |
| (ख) परराष्ट्रनीति/कुटनीतिक तथा सैन्य सम्बन्धी कार्य |
| (ग) मुलुकमा आर्थिक परिचालन र व्यवस्थापन गर्ने कार्य |
| **व्यवस्थापिकाका प्रमुख कार्यहरू** |
| (क) कानून निर्माण तथा संविधान संशोधन सम्बन्धी कार्य |
| (ख) महाअभियोग लगाउने तथा पारित गर्ने सम्बन्धी कार्य |
| (ग) सरकारको आर्थिक गतिविधि नियन्त्रण सम्बन्धी कार्य |
| **न्यायपालिकाका प्रमुख कार्यहरू** |
| (क) न्याय संपादन गर्ने अर्थात् न्यायिक कार्य |
| (ख) न्यायिक/अर्धन्यायिक कार्यको निरीक्षण-अनुगमन कार्य |
| (ग) फैसला तथा अदेश कार्यान्वियन सम्बन्धी कार्य |

**कार्यपालिकाका प्रमुख कार्यहरू**

कार्यपालिकाको परम्परागत एवं प्रारम्भिक कार्य एवं दायित्व शान्ति र सुव्यवस्था कायम गर्नका साथै गास, वास, कपास, शिक्षा र स्वास्थ्य इत्यादि पूरा गराउनु हो । एउटा समृद्ध देश बनाउन यी सबै कार्यहरू कार्यपालिकाले सम्पादन गर्नुपर्ने भएकोले यसको विशेष महत्व छ । आधुनिक युगमा कार्यपालिकाको कार्यक्षेत्र दिनहुँ बढिरहेको सन्दर्भमा माथी तालिकामा उल्लेख गरिएका कार्यपालिकाका मुख्य कार्यहरू बारेमा तल संक्षिप्त व्याख्या गरिएको छ ।

**(क) मुलुकको दैनिक शासन/प्रशासन सञ्चालन गर्ने कार्य :** कार्यपालिकाको प्रमुख कार्य मुलुकमा शान्ति र सुव्यवस्था कायम राख्नु हो । राज्यसम्वन्धि नीति तयार पार्नु प्रशासन सञ्चालन, नियन्त्रण र निर्देशन गर्नु पनि कार्यपालिकाका काम हुन् । सरकारको प्रशासनिक संरचनाको समूहिक संगठन निर्माण गर्नु र विभिन्न विभागहरूवीच समन्वय स्थापित गर्नु पनि यसको कार्य हो । कार्यपालिकाले कानूनको कार्यान्वयनको क्रममा

Question Bank Nepal

विभिन्न प्रकारको घोषणा, सन्देश, आदेश, र निर्देशनहरू पनि जारी गर्न सक्छ ।

**(ख) परराष्ट्रनीति/कुटनीतिक तथा सैन्य सम्बन्धी कार्य :** कार्यपालिकाले विदेश नीतिको निर्धारण, विदेशी राष्ट्हरूसँग सम्वन्धको विस्तार कूटनीतिक पदमा नियुक्ति सन्धि सम्झौताजस्ता कूटनीतिक महत्वपूर्ण कार्यहरू गर्दछ । आफ्नो मुलकको राजदूत नियुक्त गर्छ र अन्य देशका राजदूतहरूको ओहोदाको प्रमाणपत्र ग्रहण गर्छ । त्यस्तै गरी सैन्यकार्य गर्न नेपालको अन्तरिम संविधानअनुसार नेपाली सेनाको परिचालन सञ्चालन र प्रयोग गर्नका लागि मन्त्रिपरिषद्लाई सहयोग गर्ने एक राष्ट्रिय सुरक्षा परिषद् रहने व्यवस्था छ । राष्ट्रिय सुरक्षा परिषद्को अध्यक्ष प्रधानमन्त्री रहने व्यवस्था छ । यस परिषद्को सिफारिसमा नै राष्ट्रपतिले सेना परिचालन गर्ने संवैधानिक व्यवस्था रहेकोछ छ । राष्ट्रपतिले सुरक्षा परिषद्को सिफारिसमा सेनापति र सेनाका महत्वपूर्ण पदाधिकारीहरूको नियुक्ति र वर्खास्त गर्दछन् । वाह्य आक्रमणको वेला देशको रक्षा कार्यपालिकाले नै गर्नुपर्छ । धेरैजस्तो मुलुकमा युद्धको घोषणा र शान्तिको प्रस्ताव पनि यसले गर्छ ।

**(ग) मुलुकमा आर्थिक परिचालन र व्यवस्थापन गर्ने कार्य :** मुलुकको आर्थिक प्रशासनमा पनि कार्यपालिकाको आधिकार व्यापक छ । कार्यपालिकाले कर निर्धारण गर्ने, कर असुल गर्ने, ऋण लिने इत्यादि विषयको प्रस्ताव गर्छ प्रत्येक वर्ष आयव्ययको अनुमानित वजेट अर्थमन्त्रीले प्रस्तुत गरी पारित गराउनु कार्यपालिकाको प्रमुख कार्य हो । यस कार्य गर्नको लागि कार्यपालिका अन्तर्गत अर्थमन्त्रालय रहेको हुन्छ । त्यस्तै गरी अर्थमन्त्रालय अन्तर्गत विभिन्न विभाग र ती विभाग अन्तर्गत विभिन्न कार्यालयहरू रहेका हुन्छन् ।

**व्यवस्थापिकाका प्रमुख कार्यहरू**

कानून बनाउने कार्य राज्यको सर्वोच्च कार्य हो, जुन कार्य संपादनको लागि व्यवस्थापिकाको गठन गरिएको हुन्छ । राज्यको एक अङ्गका रुपमा व्यवस्थापिकाको उदय १८ - १९ औं शदीमा बेलायतमा भएको हो । तसर्थ बेलायतलाई नै संसदीय व्यवस्थाको जननीको रुपमा लिने गरिन्छ ।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार व्यवस्थापिकाले मूलतः कानून निर्माण गर्ने भए पनि यसले अन्य कार्य पनि गर्दछ । नेपालको व्यवस्थापिका लगायत दुनियाँका अन्य व्यवस्थापिकाले सम्पादन गर्ने मूलभूत कार्यहरू सन्दर्भमा माथी तालिकामा उल्लेख गरिएका व्यवस्थापिकाका मुख्य कार्यहरू बारेमा तल संक्षिप्त व्याख्या गरिएको छ ।

**(क) कानून निर्माण तथा संविधान संशोधन सम्बन्धी कार्य :** शक्तिपृथकीकरणको सिद्धान्त अनुसार व्यवस्थापिकाको सबैभन्दा प्रमुख र पहिलो काम नै कानून निर्माण गर्नु हो । व्यवस्थापिकाका सदस्य जनभावनाअनुरुप कानून निर्माणमा संलग्न हुन्छन् । व्यवस्थापिकामा प्रस्तावहरू आउँछन् त्यसमा छलफल गरिन्छ, विभिन्न समिति र उपसमितिले परिमार्जन तथा संशोधन गरी विधेयकका रुपमा पारित गरी स्वीकृति पाएपछि देशको कानून वन्दछ । त्यस्तै गरी धेरैजसो देशहरूमा व्यवस्थापिकालाई संविधान संशोधन गर्न पाउने अधिकार पनि संविधानमै व्यवस्था गरिएको हुन्छ । हाम्रो देशको सविधान ले दुईतिहाई वहुमतवाट विधायिकाले संविधान संशोधन गर्न सक्ने व्यवस्था गरेको पाईन्छ ।

**(ख) महाअभियोग लगाउने तथा पारित गर्ने सम्बन्धी कार्य :** व्यवस्थापिकाले न्यायपालिका र अन्य स्वतन्त्र संवैधानिक अंगका पदाधिकारीलाई कार्यदक्षताको अभाव एवं खराव आचरणको अभियोगमा महाअभियोग लगाई पदमुक्त गर्न सक्दछ । जसले गर्दा मुलुकमा दण्डहिनताको अन्त्य गर्न तथा सुशासन कायम गर्न सहयोग पुग्दछ ।

**(ग) सरकारको आर्थिक गतिविधि नियन्त्रण सम्बन्धी कार्य :** सरकारको आर्थिक गतिविधि नियन्त्रण सम्बन्धी कार्य व्यवस्थापिकाको महत्वपूर्ण कार्य हो । यसले वार्षिक वजेट पारित गर्दछ । यसको स्वीकृति नलिई नयाँ कर लगाउन सकिदैन र सरकारी ढुकुटीवाट खर्च गर्न पनि पाइँदैन । तसर्थ जनताको प्रतिनिधिका रुपमा व्यवस्थापिकाले राष्ट्रमा अर्थिक नियन्त्रण पनि गर्छ । यसको सार्वजनिक लेखा समितिले मुलुकमा आर्थिक अनुसाशन कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ ।

**न्यायपालिकाका प्रमुख कार्यहरू (Main functions of Judiciary)**

न्यायपालिका राज्यको उच्च मर्यादित अंग हो । यसले कानुनको मर्यादा कायम राख्छ । लोकतन्त्रलाई सफल, सुदृढ र समृद्ध बनाउनमा न्यायपालिकाको अहम् भूमिका रहेको हुन्छ । न्यायालय संविधान एवं कानूनको व्याख्याता एवं नागरिक अधिकारको संरक्षक निकाय हो । वर्तमान संविधानले नेपालको न्यायपालिकामा प्रत्येक जिल्लामा एक/एक ओटा जिल्ला अदालत, उच्च अदालत प्रत्येक

Question Bank Nepal

प्रदेशमा एक/एक ओटा र सर्वोच्च अदालत गरी तीन तहका अदालतहरू एवं अन्य विशेष अदालत र न्यायाधिकरणहरू रहेने व्यवस्था गरेको पाईन्छ । न्यायायपालिकाका मूलभूत कार्यहरूलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।

(क) न्याय सम्पादन गर्ने अर्थात् न्यायिक कार्य : न्यायिक कार्य अन्तर्गत शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, मुद्दा दाहोऱ्याई हेर्ने, साधक जाँच गर्ने, पुनरावलोकन सुन्ने, निवेदन सुन्ने, अवहेलनामा कारवाही गर्ने लगायतका साधारण अधिकार क्षेत्र अन्तर्गतका कार्यहरू र रिट निवेदन सुन्ने, न्यायिक पुनरावलोकन गर्ने, सार्वजनिक सरोकारको विवाद हेर्ने समेतका असाधारण अधिकार क्षेत्र अन्तर्गतका कार्यहरू पर्दछन् । संविधान र प्रचलित कानुनले प्रदान गरेको विभिन्न क्षेत्राधिकार अन्तर्गत रही सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत र अन्य विशेष अदालत एवं न्यायाधिकरणहरू ले विभिन्न न्यायिक कार्य सम्पन्न गरी आएको पाईन्छ ।


(ख) न्यायिक–अर्धन्यायिक कार्यको निरीक्षण–अनुगमन कार्य : नेपालको संविधान, २०७२ तथा न्याय प्रशासन ऐन २०४८ बमोजिम सर्वोच्च अदालत तथा उच्च अदालतले आफ्नो मातहतका अदालत र अर्धन्यायिक निकायहरूको न्यायिक कार्यको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्दछन । त्यस्तै गरी यी अदालत लगायत अन्य अदालतहरूले प्रचलित कानून बमोजिम आफ्नै कार्यालय भित्रका महाशाखा, शाखा एवं फाँटहरूको निरीक्षण तथा अनुगमन गर्न सक्दछन् ।

(ग) फैसला तथा अदेश कार्यान्वयन सम्बन्धी कार्य : कुनै पनि फैसलाको अन्तिम सार र महत्व त्यसको कार्यान्वयनमा निहित रहेको हुन्छ । कार्यान्वयनको अभावमा जतिसुकै राम्रो र न्यायपूर्ण फैसला तथा अदेश भए पनि त्यो कागजी न्यायमा मात्र सीमित हुन पुग्दछ । न्यायपालिकाको सबै तहबाट अन्तिम टुंगो लागेका फैसलाहरूको कार्यान्वयन हरेक जिल्ला अदालतमा रहने तहसिल शाखाबाट हुने गर्दछ । त्यस्तै गरी रिट निवेदनहरूमा सर्वोच्च अदालतबाट भएका अन्तिम आदेशहरूको कार्यान्वयन सर्वोच्च अदालत अन्तर्गत रहेको फैसला कार्यान्वयन निर्देशनालयले गर्दछ । यस निर्देशनालयले जिल्ला अदालतमा रहने तहसिल शाखाहरूको तालुक निकायको रुपमा सर्वोच्च अदालत र मातहत अदालतवाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमन समेत गर्ने गर्दछ ।

**(६) कर्मचारीतन्त्रको अवधारणा प्रस्तुत गर्ने क्रममा म्याक्स वेवरले कस्ता अधिकार (सत्ता) बारे चर्चा गरेका छन् ? उल्लेख गर्दै वेवरको वैध र विवेकशील कर्मचारीतन्त्र बारे चिनारी दिनुहोस् ।**

**Max Weber का अनुसार अधिकार (सत्ता) का प्रकारहरू**

Max Weber ले कर्मचारीतन्त्रको आदर्श प्रतिरुप खोजी गर्नु अघि नै फ्रेन्च अर्थशास्त्री Vincent D. Gouranay ले सन् १७४५ मा 'Bureaucracy' शब्दको प्रथम प्रयोग गरेका हुन् । उनले “फ्रान्समा हामीबीच त्रासदी सिर्जना गर्ने Bureaucracy गरेको एउटा रोग छ” भनेर Bereaucracy शब्दलाई नकारात्मक रुपले सार्वजनिक गरे । त्यही अवस्थादेखि आलोचना खेप्दै आएको कर्मचारीतन्त्रलाई Weber ले सन् १९४७ मा आकार वा स्वरुपमा ढाली एउटा छुट्टै अवधारणाका रुपमा अगाडी ल्याए । त्यसैले म्याक्स वेवरलाई आधुनिक कर्मचारीतन्त्रका पिताको रुपमा लिने गरिन्छ । कर्मचारीतन्त्रको अवधारणा प्रस्तुत गर्ने क्रममा म्याक्स वेवरले तत्कालिन समाजमा रहेका Traditional, Charesmatic & Legal Rational गरी तीन प्रकारका अधिकार (सत्ता) बारेमा चर्चा गरेका थिए । ती अधिकार (सत्ता) बारेमा तल संक्षिप्तमा उल्लेख गरिन्छ –




**(क) परम्परागत अधिकार (Traditional Authority) –** यसमा पौराणिक मूल्य, मान्यता र परम्परा पूर्वजन्मदेखि मान्दै आएको शक्तिलाई चाहेर वा नचाहेर पनि आत्मसात गरिएको हुन्छ । परम्परागत अधिकार (सत्ता) मा नियम कानूनहरू राम्ररी परिभाषित नगरिने हुँदा अधिकारी वर्गको आदेश नै वैधानिक नियमको रुपमा अपनाइन्छ । नेपालको राणा शासन, भारतको मुगल शासन जस्ता वंशाणुगत निरंकुश सत्ताहरू यसै अधिकारका उपज हुन् ।

**(ख) ओजस्वी अधिकार (Charismatic Authority) –** कुनै व्यक्ति विशेषको व्यक्तित्व, प्रभुत्व र गुण (चमत्कारिकत्व) बाट ओजस्वी अधिकार (सत्ता) सिर्जित हुन्छ । चमत्कारिक व्यक्तिका अनुयायीहरू नेतृत्व प्रति

Question Bank Nepal

विना प्रश्न नतमस्तक भई निजकै आदेश र शासकीय शैलीलाई वैधानिक मान्दछन । यस्तो सत्तामा नेतृत्वमा चमत्कारिक व्यक्तित्व हुने हुनाले निजका हरेक आदेश र कार्यशैलीलाई हु-बहु स्वीकार गरी त्यही आदेशहरूलाई अधिकारको स्रोत मान्दछन् । माओत्सेतुङ्ग, महात्मा गान्धी, नेल्सन मण्डेलालाई ओजस्वी अधिकार सम्पन्न व्यक्तिका रुपमा लिन सकिन्छ ।


(ग) **वैधानिक अधिकार (Legal Rational Authority)** – यस्तो सत्तामा ओजस्वी वा वंशानुगत नेतृत्वको मौखिक आदेशका भरमा सत्ता संचालन नभई कानून बमोजिम सत्ता संचालन हुन्छ । शासक र शासित सवैको अधिकार तथा कर्तव्य कानूनबाटै किटान गरिएको हुन्छ । यस्तो सत्तामा अधिकारको स्रोतको रुपमा कानूनलाई लिईन्छ । वेवरका अनुसार यस सत्तामा व्यक्ति भन्दा विधि महत्वपूर्ण हुन्छ । कामको स्वाभाव अनुसार कर्मचारीको वर्गीकरण गरी अधिकार प्रदान गरिन्छ जुन अधिकारको विवेकपूर्ण प्रयोग गर्न कर्मचारीहरू सक्षम हुन्छन् । वेवरले उल्लेख गरेको कर्मचारीतन्त्र यही वैधानिक अधिकार प्रयोग गर्ने कर्मचारीतन्त्र हो ।

**वेवरको वैध र विवेकशील कर्मचारीतन्त्र**


प्रसिद्ध जर्मन समाजशास्त्री Max Weber कर्मचारीतन्त्रको विस्तृत रुपले विश्लेषण गर्ने प्रथम विद्वान हुन (१८६४-१९२०) तसर्थ वेवरलाई आधुनिक कर्मचारीतन्त्रको सिद्धान्तका जनक भनिन्छ । त्यसैले कर्मचारीतन्त्र र वेवर पर्यायवाची बन्न पुगेको पाइन्छ । उनले परम्परागत र ओजस्वी सत्ता अन्तर्गतको कर्मचारीको समूहलाई कर्मचारीतन्त्र नमानि बैध-विवेकी सत्ता अन्तर्गतको कर्मचारीको समूहलाई मात्र कर्मचारीतन्त्रको रुपमा अगाडी सारेकोले यिनले चर्चा गरेको कर्मचारीतन्त्रलाई वैध र विवेकशील कर्मचारीतन्त्र पनि भन्ने गरिन्छ ।

वेवरले कर्मचारीतन्त्रको विश्लेषण परिभाषित रुपमा नगरेर कर्मचारीतन्त्रमा अन्तरनिहित दश विशेषताको आधारमा गरेको पाइन्छ । उनले कर्मचारीतन्त्रलाई आदर्श प्रकारको कानूनी अधिकारको अभ्यास गर्ने संगठनको रुपमा लिएका छन् । वेवरले कर्मचारीतन्त्रलाई कर्मचारीहरूको शासनको रुपमा नलिएर विशेष प्रकारको प्रशासनिक संगठनको रुपमा लिएका छन् ।

वेवरले कर्मचारीतन्त्रको विस्तृत विश्लेषण गर्दा समाजलाई आधार बनाउँदै समाजलाई परम्परागत, ओजस्वी र वैध-विवेकी सत्ताबाट शासित गरी तीन किसिममा वर्गीकरण गरी ती वर्गीकृत समाजमा प्रयोग हुने अख्तियार (परम्परागत अधिकार, ओजस्वी अधिकार र वैधानिक अधिकार) को व्याख्या गर्दै आफ्नो कर्मचारीतन्त्र सम्बन्धी मान्यतालाई प्रष्टयाएको पाईन्छ । त्यसैले वेवरको कर्मचारीतन्त्र सम्बन्धी सिद्धान्तहरूलाई नै कर्मचारीतन्त्र सम्बन्धी समाजशास्त्रीय अवधारणाको रुपमा लिइन्छ । वेवरको वैध-विवेकी कर्मचारीतन्त्रलाई देहायको चार्टबाट प्रष्टयाएको पाईन्छ ।




वेवरद्वारा लिखित कर्मचारीतन्त्र सम्बन्धी लेखबाट के थाहा हुन्छ भने कानून अख्तियारको विरुद्ध अभ्यासद्वारा सञ्चालित कर्मचारीतन्त्रलाई Max Weber ले वैध विवेकशील कर्मचारीतन्त्र (Legal Rational Bureaucracy) र परम्परागत तथा चमत्कारिक शैलीको अख्तियारद्वारा सञ्चालित कर्मचारीतन्त्रलाई वंश परम्परागत कर्मचारीतन्त्र (Parentail Bureaucracy) का रुपमा लिएको देखिन्छ तथापि उनले कर्मचारीतन्त्रको सिद्धान्त वैध र विवेकशील कर्मचारीतन्त्रलाई चिनाउने कुरामा नै मुख्य रुपले केन्द्रित भएको भएको देखिन्छ जसबाट वेवरको लेखको निर्णय के रहेको पाइन्छ भने कानूनी अख्तियारको प्रयोग गर्ने वैधविवेकशील प्रशासनिक संयन्त्र अर्थात् संगठन नै वास्तविक रुपमा वेवरले संकेट गरेको कर्मचारीतन्त्र हो । भिन्सेन्ट डी गौरनेले रोगका रुपमा लिएको कर्मचारीतन्त्रलाई Max Weber ले कर्मचारीतन्त्रमा निहित निम्न विशेषताहरूको कारण कर्मचारीतन्त्रलाई राम्रो मानेको पाईन्छ ।




वेवरको दृष्टिमा कर्मचारीतन्त्रका मूल फाइदाहरूमा कार्यको शीघ्रता, दुरुस्तता वा उपयुक्तता, स्पष्टता, निरन्तरता,

Question Bank Nepal

एकात्मकता, सामाजिक सेवा भाव, समन्वय, अनुशासनको पालना, समय र वस्तुको सदुपयोग इत्यादि पर्दछन् । जसलाई कर्मचारीतन्त्रका गुणको रुपमा लिन सकिन्छ । माथी उल्लेख गरिए झैं वेवरले कर्मचारीतन्त्रलाई विशेषताको आधारमा विश्लेषण गरेका छन् । उनले बताएका विशेषताहरू सबै सकारात्मक प्रकृतिका रहेका छन् ।

**(७) विद्युतीय शासन (E-Governance) भन्नाले के बुझिन्छ ? प्रशासन सुधार सुझाव समितको प्रतिवेदन, २०७० ले विद्युतीय शासनका विशेषता र चरणहरू कसरी उल्लेख गरेको छ ? चर्चा गर्नुहोस् ।**

**विद्युतीय शासन (E-Governance)**

सरकारको कार्य प्रक्रियामा उत्तरदायित्व, नैतिकता, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्नका लागि प्रयोग गरिने सूचना प्रविधि नै विद्युतीय शासन (E-governance) हो । दरिलो र प्रभावकारी सूचना संयन्त्र विकास गर्न र विश्वासिलो सेवाका लागि विश्व अर्थतन्त्रमा सहभागिताका लागि, स्रोतको प्रभावकारी उपयोग गर्नका लागि विद्युतीय शासन आवश्यक छ ।

सूचना प्रविधिको विकासले विश्वलाई नजिक ल्याइ पुऱ्याएको छ भने विश्वव्यापीकरणले विश्व नै सानो गाउँको रुपमा परिणत भएको अवस्थामा सार्वजनिक एवम् निजी सेवा प्रवाह प्रभावकारी बनाउनको लागि सूचना प्रविधिको प्रयोग एउटा अत्यावश्यक एवम् सर्वव्यापी साधन भएको छ । एक वाक्यमा भन्दा e-governance भनेको विद्युतीय सञ्चार साधनको प्रयोग गरी सर्वसाधारणलाई सरकारी सेवा र सूचना प्रदान गर्ने व्यवस्था हो ।

सरकारको कार्य प्रक्रियामा 'SMARTNESS' अर्थात् Specialization, Moral, Measurable, Accountable, Responsive, Result oriented, Transparent, Time bounded कायम राख्नका लागि गरिने सूचना प्रविधि नै e-governance हो । E-governance ले संगठनको सबै पक्षसँग सम्बन्ध राख्दछ अर्थात् e-governance ले छिटो छरितो तरिकाबाट विश्वसनीय एवम् पर्याप्त जानकारी उपलब्ध गराई सम्बन्धित पक्ष एवम् संयन्त्रसँग समन्वय कायम गरी निर्णयमा पुग्न तथा सेवाग्राहीलाई प्रभावकारी एवम् सम्मानजनक रुपमा सेवा प्राप्त गर्न सहयोग पुऱ्याउँछ ।

अन्त्यमा e-governance शासनको त्यो रुप हो, जसले नागरिक एवम् सेवाग्रहीलाई प्रभावकारी सेवा प्रवाह गर्न आवश्यक सूचना छिटोछरितो रुपमा विद्युतीय सञ्चार र माध्यमबाट उपलब्ध गराउँछ ।

**विद्युतीय शासनका आधारभूत विशेषता/महत्व**

सूचना प्रविधिको प्रयोगद्वारा सञ्चालन र व्यवस्थापन गरिने शासन पद्धति नै विद्युतीय शासन (e- governance) हो । विद्युतीय शासनले सार्वजनिक सेवा प्रवाहमा सेवाग्राही नागरिकको पहुँच बढाउन र सेवा प्रदायकको सेवा प्रवाह गर्ने क्षमता अभिवृद्धि गर्न विद्युतीय सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्दछ । भन्दै प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७० ले विद्युतीय शासनका आधारभूत विशेषताहरू निम्नानुसार उल्लेख गरेको छ –

- ★ विद्युतीय शासनमा कम्प्युटरजन्य हार्डवेयर र सफ्टवेयर, इन्टरनेट तथा सञ्चार सञ्जालको माध्यमबाट सेवा प्रवाह हुन्छ ।
- ★ सेवा प्रवाह, विकास निर्माण आदिको प्रशासनिक लागत र समय घट्न गई मितव्ययिता र शीघ्रता कायम हुन्छ ।
- ★ नागरिकको सूचनामा पहुँच र सहज प्राप्यता सुनिश्चित गर्दछ ।
- ★ जनगुनासो तथा उजुरीहरू सहज रुपमा प्राप्त हुने वातावरण श्रृजना हुनुको साथै अनलाइन नागरिक सर्वेक्षण, सेवाको गुणस्तर सर्वेक्षण, कुनै विशेष प्रकृतिका सवालहरूमा जनताको मत सङ्कलन र पृष्ठपोषण प्राप्त गर्न सहज हुन्छ ।
- ★ राज्यले अख्तियार गर्न लागेका नीति तथा कार्यक्रमको सन्दर्भमा बहस गर्ने स्थल (Forum) तथा अन्तरनिकाय समन्वय वैठक (e-meeting), अनलाइन निर्णय र अनलाइन कार्यसम्पादन मूल्याङ्कन गरी छरितो सरकारको प्रत्याभूति गर्न सकिन्छ ।
- ★ नागरिक – नागरिक, नागरिक र तिनका प्रतिनिधिहरूलाई एक आपसमा जोड्न र लोकतान्त्रिक अभ्यास गर्ने पद्धतिमा सहयोग पुऱ्याउछ ।
- ★ अनलाईन एप्लिकेशन (Online Applications) जस्तो वेव पोर्टल, वेवसाइट मार्फत एकद्वार विद्युतीय सेवा प्रवाह भई दुर्गम क्षेत्रहरूमा समेत सेवाको पहुँच विस्तार हुन्छ ।
- ★ सार्वजनिक सेवा प्रवाहमा नागरिक सहभागिता, पारदर्शिता, कार्यदक्षता, प्रभावकारिता,जवाफदेहिता, शिघ्रता, सहजता कायम हुन गई सुशासनको प्रवर्द्धनमा टेवा पुग्छ ।

Question Bank Nepal

★ सूचना तथा तथ्याङ्कहरूको कम्प्यूटरीकृत तथ्याङ्क (Digital Data) तथा प्रति तयार गरी अभिलेखको व्यवस्थित रूपमा भण्डारण गर्न सकिन्छ । जसलाई सजिलै खोजी र Tracking गर्न सकिन्छ ।

**विद्युतीय शासन (e- governance) का चरणहरू**

मूलतः विद्युतीय शासनले कागजरहित सरकार, कम्प्यूटरमा आधारित सूचना व्यवस्थापन प्रणाली र संजालीकरणमा आधारित भई विद्युतीय सेवा (e-services) प्रवाह गर्दछ । मन्दे प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन, २०७० ले विद्युतीय शासन पद्धतिको पूर्ण कार्यान्वयनको अवस्थामा पुग्न देहाय बमोजिमका चरणहरू पार गर्नु पर्ने कुरा उल्लेख गरेको पाईन्छ –

**पहिलो चरण : जानकारी तथा सूचनाको चरण (Informational Stage)** – यस चरणमा सरकारी निकायका सामान्य वेवसाइटहरूको निर्माण र स्थापना गर्ने, प्राप्त तथ्याङ्कहरूलाई कम्प्यूटरीकृत (Digitized) गरी स्थिर वेव (Static web) मा राख्ने सम्बन्धी सामान्य प्रशासकीय प्रबन्ध गरिएको हुन्छ ।

**दोश्रो चरण : अन्तर्क्रियात्मक चरण (Interactional Stage)** – यस चरणमा कम्प्यूटरीकृत तथ्याङ्क भण्डार (Digitized Database) तयार हुने, सूचनाहरू अद्यावधिक हुने, वेवसाइटको विस्तार र त्यसमा जनताको पहुँच वृद्धि हुने विभिन्न फारमहरू सूचना तथा जानकारीहरू डाउनलोड गर्न सकिने इमेल गर्न सकिने सम्मका कार्यहरू हुन्छन् । जसले सेवा प्रदायक र सेवाग्राहीको वीचमा दोहोरो सञ्चार (Two-way Communication) कायम हुने गर्दछ ।

**तेश्रो चरण : कारोवारीय चरण (Transactional Stage)** – गोप्य तथ्याङ्क (Confidential data) मा जनता, सेवाग्राही तथा सरोकारवालाहरूको पहुँच हुने, अन्तरक्रियात्मक वेव (Interactive web) को शुरूवात हुने, वित्तीय कारोवारहरू सञ्चालन हुने, अनलाईनबाट सेवा प्रवाह हुने जस्तैः अनलाईन आवेदन, कर, राजस्व भुक्तानी, चालक अनुमति पत्र नवीकरण आदि पद्धति स्थापित हुन्छ ।

**चौथो चरण : एकीकृत (Integrated) सेवा प्रवाहको चरण** – सरकारले प्रवाह गर्ने सम्पूर्ण सार्वजनिक सेवाहरू एउटै सरकारी पोर्टल (Single Portal) बाट प्रवाह हुने, सम्पूर्ण सेवाहरू सूचना सञ्चार प्रविधि (ICT) मा आधारित हुने, विषयगत निकायको स्थानीय स्तरदेखि केन्द्र सम्म (Vertically) र अन्तरनिकाय (Horizontally) सूचनाहरू एकीकृत रूपमा उपयोग गर्न सकिने गरी पुनः अभियान्त्रिकीकरण (Re- engineering) गरी एकीकरण (Integration) गर्ने कार्य यस चरणमा हुन्छ ।

**(८) सार्वजनिक व्यवस्थापन सन्दर्भमा राजनैतिक तटस्थता, प्रशासनिक प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको आवश्यकता तथा महत्वमाथि प्रकाश पार्नुहोस् ।**

सार्वजनिक व्यवस्थापन सार्वजनिक प्रशासनको नवीनतम स्वरुप/अवधारणा हो । सार्वजनिक व्यवस्थापनले सरकारको निर्धारित नीति कार्यान्वयन गर्ने क्षमता र सरकारी कार्यक्रमको प्रभावकारितासँग सम्बन्ध राख्दछ ।

सार्वजनिक व्यवस्थापन सन्दर्भमा राजनैतिक तटस्थता, प्रशासनिक प्रतिबद्धता, पारदर्शिता र उत्तरदायित्वको आवश्यकता एवम् महत्वलाई छोटकरीमा निम्नानुसार व्यक्त गर्न सकिन्छ –

★ जुनसुकै राजनीतिक दलले नेतृत्व गरेको सरकारले घोषणा गरेका कार्यक्रम र योजना भए पनि सार्वजनिक व्यवस्थापकले राजनैतिक रुपले तटस्थ रहेर कार्यान्वयन गरेमा मात्र सर्वसाधारण जनताले सेवा सुविधा वा कार्यक्रमबाट लाभान्वित हुने अवसर पाउँछन् जसले गर्दा सर्वसाधारणको सरकारप्रति सकारात्मक धारणा बन्दछ,

★ सार्वजनिक व्यवस्थापनसँग सम्बन्धित अधिकारीहरुमा तटस्थताको गुण भएमा मात्र देशको सन्तुलित विकास भई पिछडिएको वर्ग, समुदाय एवम् सम्प्रदायको पनि उत्थान हुन सक्दछ,

★ राजनैतिक नेतृत्वले आफ्ना नीति एवम् लक्ष्यहरू घोषणा गरेर मात्र हुँदैन त्यसलाई कार्यान्वयनमा लैजान सार्वजनिक व्यवस्थापन सँग सम्बन्धित व्यक्तिमा प्रतिबद्धता बिनाको नीति एवम् घोषणा कागजको टुक्रा मात्र हुन जान्छ ।

★ पारदर्शिताबाट सार्वजनिक नीति निर्माणको प्रक्रियालाई खुला छलफलको माध्यमले निर्णयको प्रभावकारितामा अभिवृद्धि गराउन मद्दत गर्दछ । कुनै पनि सार्वजनिक नीतिको सफल कार्यान्वयन जन सहयोग एवम् जनसहभागिता बिना सम्भव हुँदैन । त्यसैले जनसहभागिता जुटाउन नीति निर्माणकै बेला पारदर्शितमार्फत जनविश्वास प्राप्त गर्न जरुरी हुन्छ ।

★ निर्बाध सूचना प्रवाहको आधारमा समाजका सचेत र जिम्मेवार वर्गले कुनै पनि प्रस्तावित सार्वजनिक नीति र कार्यक्रमको गुण र दोष सम्बन्धमा खुला छलफल गर्न सकेमा सो सम्बन्धी उपयुक्त निर्णय लिन सम्बन्धित

Question Bank Nepal

निकाय वा पदाधिकारीलाई मद्दत मिल्न सक्छ । तसर्थ पारदर्शिताको माध्यमबाट सार्वजनिक नीति निर्माणमा जन सहभागिता बढाएर असल शासनको प्रत्याभूति दिन सकिन्छ ।

★ पारदर्शिताबाट सार्वजनिक क्रियाकलापमा व्यापक जनसहभागिता जुटाउन सकिने हुँदा यसबाट ग्रहण गरिने जुनसुकै नीति एवम् निर्णयमा अधिकतम जनस्वीकृति प्राप्त गर्न सकिन्छ ।

★ पारदर्शिताले अनुत्पादक तथा व्यर्थको हल्लालाई निरुत्साहित गर्दछ ।

★ पारदर्शिताले स्व सुधार (Self-correction) को अवसर प्रदान गर्दछ । जसले गर्दा सरकारी संयन्त्रलाई गलत काम गर्नबाट रोक्छ ।

★ पारदर्शिताले जनताको आत्मसम्मानको अभिवृद्धि गर्दछ । विकासका लागि जनताको सम्मान एक ठूलो पूँजी मानिन्छ ।

★ सरकारी वा प्रशासनले नागरिकलाई राम्रो काम गर्दैछ र उत्तरदायित्व बहन गर्दैछ भन्ने भावना वा प्रभाव दिन सकियो भने त्यसले सरकार वा प्रशासन र नागरिक बिचको दूरीमा कमी ल्याउन सकिन्छ ।

★ केन्द्रिकृत शासन पद्दतिद्वारा जनतालाई विश्वसामा लिन सरकारलाई निकै कठिनाई पर्दछ । त्यसैले सार्वजनिक काममा नागरिकलाई व्यापक रुपमा सहभागी गराई उनीहरूप्रति उत्तरदायी हुन सकेमा जनताले सरकारको काम गराईलाई शंकाको दृष्टिले होइन कि अपनत्व बोध गर्दछन् ।

★ सार्वजनिक उत्तरदायित्व सहितको विकेन्द्रिकरणले रोजगारी, उद्योगधन्दा, बन्द व्यापार, स्थानीय कर, साधनको परिचालन आदि मार्फत स्थानीय क्षेत्रलाई बेलियो र संस्थागत गर्न मद्दत पुऱ्याउन सकिन्छ ।

★ भ्रष्टाचारलाई सार्वजनिक उत्तरदायित्वको शत्रुको रुपमा लिइन्छ । सार्वजनिक उत्तरदायित्वको माध्यमबाट भ्रष्टाचारलाई न्यूनीकरण गर्न सकिन्छ ।

सारांशमा भन्दा सार्वजनिक प्रशासनमा रहेका कमी कमजोरीहरू निजी हटाई व्यवस्थापनका राम्रा गुणहरूलाई आत्मसात गरेर सार्वजनिक व्यवस्थापनको धारणा आएको हो । सार्वजनिक व्यवस्थापन सार्वजनिक प्रशासन जस्तो प्रक्रियामुखी, भद्दा, ढिलासुस्ती नभएर विकेन्द्रीकरण र जनसहभागितामा आधारित प्रशासनिक क्रियाकलाप, आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन, प्रत्यक्ष उत्तरदायित्व, सार्वजनिक निजी साझेदारीमा जोड दिने जस्ता विशेषता युक्त छ । नेपालमा पनि सार्वजनिक प्रशासनको सट्टा सार्वजनिक व्यवस्थापनको अवधारणाको बारेमा वहस एवम् सैद्धान्तिक छलफल हुने गरेको भएता पनि विभिन्न कारणले गर्दा यसको अवधारणा अनुरुप कार्यसम्पादन हुन नसकेको अवस्था छ ।

**(९) मध्यमकालीन खर्च संरचना (MTEF) को परिचय दिदैं यसको सान्दर्भिकताको विश्लेषण गर्नुहोस् ।**

**मध्यमकालीन खर्च संरचना (MTEF) को परिचय**

नीति, योजना तथा वार्षिक बजेटलाई जोड्ने कार्य गर्ने एक प्रकारको औजार (To0l) नै MTEF हो, जसको पूर्ण रूप मध्यमकालीन खर्च संरचना (Medium term expenditure framework) हुन्छ । यसले माथिदेखि तल र तलदेखि माथि दुबैंको Resource envelope तयार गर्ने गर्दछ ।

राजस्व, वैदेशिक सहायता र आन्तरिक स्रोतहरूको आधारमा माथि देखि तल सिलिंग निर्धारण गरिन्छ भने तलदेखि माथि कार्यक्रम योजना तथा बजेटको माग, खर्च ढाँचाबाट समग्र प्रकृया निर्धारण गर्ने काम MTEF ले गर्दछ । योजना स्थिर हुने तर MTEF गतिशील हुने हुनाले कार्यक्रम खर्च र आम्दानीबीच Linkup गराउने काम MTEF ले गर्दछ ।

नेपालमा योजनाबद्ध विकासको अभ्यास गर्न थालेको ५ दशक भन्दा बढि भै सक्दा पनि यसले अपेक्षित रूपमा लक्ष्य प्राप्त गर्न नसकेको नमिठो यथार्थता हाम्रे सामु छ । यसो हुनुमा प्रमुख कारण वार्षिक बजेट र आवधिक योजनासँग तालमेल नहुनु एउटा हो भने सरकारले गर्ने खर्चको प्राथमिकीकरण पनि वस्तुनिष्ठ आधारमा नभई राजनीतिक स्वार्थ, पहुँच र आस्थाका आधारमा गरिनु हो । यस्ता समस्याको निराकरणका लागि राज्यले मध्यमकालिन खर्च संरचना (MTEF) को अभ्यास केहि समयदेखि गर्दै आएको छ ।

यसरी बजेट र आवधिक योजनाबीच तालमेल नहुने तथा खर्चको प्राथमिकीकरण पनि वस्तुनिष्ठ आधारमा नहुने जस्ता कमी कमजोरीहरू हटाउनको लागि नै MTEF ल्याइएकोले यसको सान्दर्भिकता अति नै छ । मध्यमकालिन खर्च संरचनाको सान्दर्भिकतालाई निम्न बुँदामा व्यक्त गर्न सकिन्छ :

**मध्यमकालीन खर्च संरचना (MTEF) को सान्दर्भिकता**

लाभ लागतको विश्लेषण गर्न तथा वित्तीय अनुशासन कायम गर्नको लागि महत्वपूर्ण सफल औजारको रूपमा रहेको



Question Bank Nepal

MTEF को सान्दर्भिकता र महत्वलाई देहायनुसारका बुँदामा उल्लेख गर्न सकिन्छ :-

★ सार्वजनिक खर्च व्यवस्थापनका कमीकमजोरीहरू हटाउन ।
★ नतिजा उन्मुख कार्यक्रम तथा आयोजना छनौट गर्न ।
★ आयोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्न,
★ क्षेत्रगत आयोजनाहरू तथा कार्यक्रमहरूलाई बजेट सिलिङ्ग भित्र समेट्न ।
★ वहुपक्षीय ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाउन ।
★ प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरूलाई श्रोत साधनको सुनिश्चितता गर्न ।
★ स्रोत साधनको अवरोधलाई सम्बोधन गर्न ।
★ Unit cost को व्यवस्था मार्फत लाभ लागतको विश्लेषण गर्न ।
★ व्यक्तिको बजेट जसरी नै सार्वजनिक खर्च प्रक्षेपण गर्न ।
★ साधन र खर्च बीचको खाडललाई कम गरी सेवा तथा विकास कार्यलाई मूर्त रूप दिन
★ बजेट घाटालाई उपयुक्त साइजमा राख्नमा सहयोग पुऱ्याउने ।
★ सरकारले केन्द्रिय बैंकबाट लिने गरेको Over draft कम गर्नमा सहयोग ।

हाम्रो देश नेपालमा वार्षिक बजेट आवधिक योजनासँग तालमेल हुन नसकेको अवस्थामा योजना र बजेट बीच तालमेल गराउने औजारको रूपमा बुझिएको MTEF ले माथी उल्लेखित कार्यमा सहयोग पुऱ्याई योजना र बजेट बीचको सेतुको काम गर्न सकेको देखिन्छ ।

वार्षिक बजेट र आवधिक योजना बीचको समन्वयकारी औजारको रूपमा आएको MTEF मा समयमा नबन्नु, गृहकार्यको कमी, समन्वयको कमी, वस्तुगत यथास्थितिमा योजना नबन्नु, क्रमशः Plan-MTEF-Budget हुनुपर्नेमा Budget-MTEF-Plan भएकोले उल्टो क्रमको शुरु जस्ता कमीकमजोरीहरू देखिएतापनि MTEF जस्तो योजना (Plan) र बजेट (Budget) लाई जोड्न सक्ने अर्को प्रभावकारी औजार विकास नभएको वर्तमान अवस्थामा MTEF नै योजना र बजेट बीच तालमेल ल्याई विकास निर्माणमा प्रभावकारिता ल्याउने एकमात्र औजारको रूपमा रहेको छ भन्न सकिन्छ ।

**(१०) सरकारी लेखापरीक्षण भन्नाले के बुझ्नुहुन्छ ? लेखापरीक्षकको उद्देश्य स्पष्ट गर्दै लेखा परीक्षकले लेखापरीक्षण गर्दा के-के कुराहरूको परीक्षण गर्नुपर्ने कानूनी व्यवस्था छ, ? उल्लेख गर्नुहोस् ।**

**सरकारी लेखापरीक्षण (Government Aduiuting)**

कुनै पनि सरकारी निकायको हिसाव किताव प्रचलित ऐन कानून, लेखाका सर्वमान्य सिद्धान्त अनुरूप ठीकसँग राखिएको छ छैन भनी सर्वमान्य सिद्धान्त एवं विधिहरूद्वारा लेखासम्वन्धी कागजातहरूको परीक्षण गरी सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने कार्यलाई सरकारी लेखापरीक्षण भनिन्छ ।

सरकारी निकायहरूको आर्थिक अवस्थाको यथार्थ स्थितीको जानकारी लिनको लागि सरकारी लेखापरीक्षण गरिन्छ । यसले आर्थिक कारोवारहरूको परीक्षण गरी सरकारी निकायहरूमा आर्थिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउँछ ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार लेखापरीक्षण भन्नाले लेखाको जाँच र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण समेतलाई जनाउँछ ।

सरकारी लेखापरीक्षणलाई मूलत : आन्तरीक लेखा परीक्षण र अन्तिम लेखापरीक्षण (वित्तीय लेखापरीक्षण/ कार्यमूलक लेखापरीक्षण) गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । नेपालमा सरकारी निकायको अन्तिम लेखापरीक्षण गर्न महालेखा परिक्षकको संवैधानिक व्यवस्था गरिएको छ । यस निकायले वित्तीय लेखापरीक्षण र कार्यमुलक लेखापरीक्षण गरी दुई प्रकारले अन्तिम लेखापरीक्षण गर्ने गर्दछ । आन्तरीक लेखा परीक्षण गर्न अर्थ मंत्रालय अन्तर्गत विभागस्तरीय महालेखा नियन्त्रक कार्यालय अन्तर्गत हरेक जिल्लाहरूमा कोष तथा लेखा नियन्त्रक कार्यालयको व्यवस्था गरिएको छ । हरेक जिल्लामा रहेकाका कोष तथा लेखा नियन्त्रण कार्यालयहरूले आफ्नो क्षेत्राधिकार अन्तर्गका सरकारी कार्यालयको आन्तरीक लेखा परीक्षण गर्ने गर्दछन् । त्यस्तै गरी नेपाल सरकारका मंत्रालयहरू तथा सरकारी स्वामित्वमा रहने सम्पूर्ण संस्था तथा कार्यालयहरूको लेखाको जाँच गर्ने आर्को सरकारी निकाय सार्वजनिक लेखा समिति पनि हो ।

सरकारी लेखापरीक्षण गर्न संलग्न हुने निकायहरू :- महालेखा परीक्षकको कार्यालय (एक), कोष तथा लेखा नियन्त्रक कार्यालयहरू (पचहत्तर), व्यवस्थापिका संसदको सार्वजनिक लेखा समिति (एक) ।

Question Bank Nepal

### लेखापरीक्षणको उद्देश्यहरू

| लेखापरीक्षणको परम्परागत उद्देश्य | आधुनिक उद्देश्य |
|---|---|
| छलकपट पत्ता लगाउने र रोकथाम गर्ने (Detection & prevention of error) | सार्वजनिक जवाफदेही प्रवर्द्धन गर्ने |
| लेखाको गल्ती पत्ता लगाई सुधार गर्न मद्दत गर्ने (Error of commission) | पारदर्शिता बढाउने |
| सैद्धान्तिक गल्ती पत्ता लगाई सुधार गर्न मद्दत गर्ने (Error of Principle) | मितव्ययिता कायम गर्ने |
| पुरक गल्ती पत्ता लगाई सुधार गर्न मद्दत गर्ने (Compensating error) | कार्यदक्षता वढाउने |
| नगदको जालसाजी पत्ता लगाउने र रोकथाम गर्ने (Manipulation of accounts) | प्रभावकारिता बढाउने |
| जिन्सीको हिनामिना पत्ता लगाउने र रोकथाम गर्ने (Misappropriation of goods) | आर्थिक अनुशासन कायम गर्ने |

अन्त्यमा, लेखा परीक्षण मार्फत आर्थिक प्रशासनको अवस्था पत्ता लगाउने, आर्थिक ऐन नियमको पालना भए नभएको पत्ता लगाई नियमित गराउन मद्दत गर्ने,जनताप्रति सरकारको जवाफदेही पूरा गर्न मद्दत गर्ने, वेरुजु पत्ता लगाई तोकिएको समय भित्र वेरुजु फछ्यौट गर्न सहयोग गर्ने, सुदृढ आर्थिक प्रशासनद्वारा देश विकासमा मद्दत गर्ने लगायतका उद्देश्यहरू पनि लेखापरीक्षणको रहेको हुन्छ।

### लेखा परीक्षकले लेखापरीक्षण गर्दा परीक्षण गर्नुपर्ने कुराहरू

लेखा परीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारी र औचित्य समेत विचार गरी देहायका कुराहरूको परीक्षण गर्नुपर्ने व्यवस्था लेखापरीक्षण ऐन, २०४८ ले गरेको पाईन्छ :-

★ विनियोजन ऐन वमोजिम विभिन्न सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा स्वीकृत भएका रकमहरू तोकिएका सेवा तथा कार्यका निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनको लागि खर्च गरिएको छ छैन,

★ आर्थिक कारोवार गर्दा प्रचलित कानूनको अनुसरण गरिएको छ छैन र आम्दानी खर्च भएका कलमहरूको प्रमाण यथेष्ट छ छैन,

★ तोकिएको ढाँचा अनुरूप लेखा राखिएको छ छैन र त्यसले आर्थिक कारोवारको यथार्थ चित्रण गर्छ गर्दैन,

★ नगदी जिन्सी र अन्य सरकारी सम्पत्ति समेतको हानिनोक्सानी र दुरूपयोग हुन नपाउने गरी आन्तरिक लेखा परीक्षण तथा आन्तरिक नियन्त्रणको पर्याप्त व्यवस्था गरिएको छ छैन, भए त्यसको अनुसरण गरिएको छ कि छैन,

★ राजस्व, अरु समस्त आम्दानीका र धरौटी समेतको लेखा ठीक छ छैन मूल्याङ्कन गर्न, असूली तहसिल गर्ने र लेखा राख्ने तरिकाहरूको सम्वन्धमा पर्याप्त नियमहरू छन् कि छैनन् भए तिनीहरूको पालना गरिएको छ कि छैन,

★ सरकारी ऋण, जमानत, निक्षेप, ऋण निवारण कोष तथा ऋण विमोचनका निमित्त पर सारिएको र विमोचन गरिएको रकमहरूको लेखा यथार्थ छ कि छैन,

★ औद्योगिक तथा व्यवसायिक सेवाहरूको आम्दानी खर्च, लेखा, त्यसको जिन्सी नगदी मौज्दात तथा आर्थिक कारोवार सम्वन्धी व्यवस्था र नियमहरू पर्याप्त छन् छैनन्। भए तिनीहरूको पालना गरिएको छ छैन,

★ कार्यालयको संगठन तथा व्यवस्थापन तथा कार्यविभाजन यथेष्ट र समुचित छ छैन र सो अनुसार कार्य सम्पादन भएको छ कि छैन।

★ कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायवाट गरिएको वा कुनै आवश्यक काम गर्न छुटाएको छ कि छैन,

★ उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ कि छैन, हानि नोक्सानी नहुनेगरी संभार तथा संरक्षणको उचित व्यवस्था गरिएको छ छैन,

★ कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति भएको छ कि छैन तथा कामको गुणस्तर र परिमाण सन्तोषजनक छ कि छैन

★ कार्यालयको उद्देश्य र नीति स्पष्ट छ कि छैन र निर्दिष्ट उद्देश्य तथा नीति अनुरूप कार्यक्रम तयार भएको छ कि छैन,

★ स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको छ कि छैन र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ कि छैन र

★ लक्ष्य प्रगति तथा लागत खर्चको आँकडा राख्ने व्यवस्था पर्याप्त र भरपर्दो छ छैन।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट ७ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) राज्य भन्नाले के बुझिन्छ ? राज्यका लागि आवश्यक तत्वहरू के-के हुन् ? चर्चा गर्दै राज्य सम्बन्धी आंगिक सिद्धान्तका बारे संक्षिप्तमा लेख्नुहोस् ।

(२) व्यवसायिक शासन भन्नाले के बुझ्नुहुन्छ ? उल्लेख गर्दै यस शासनका उद्देश्य, प्रकार तथा पक्षहरू बारेमा स्पष्ट पार्नुहोस् ।

(३) नेपालको राष्ट्रिय सुरक्षाका क्षेत्रमा संलग्न प्रमुख निकायहरू कुन-कुन हुन् ? नेपालको राष्ट्रिय सुरक्षाको लागि विशेष महत्व राख्ने राष्ट्र शक्तिका साधनहरू के-के हुन् उल्लेख गर्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले कस्तो कानुनलाई बुझिन्छ ? उल्लेख गर्दै मानव अधिकार कानुन र मानवीय कानुनमा रहेका समानता र भिन्नताहरू औंल्याउनुहोस् ।

(५) समावेशीकरणका सिद्धान्त भन्नाले के बुझ्नुहुन्छ ? समानुपातिक प्रतिनिधितत्वका सबल तथा दुर्बल पक्षहरू बारे चर्चा गर्दै समानुपातिक प्रतिनिधित्व प्रणालीका मुख्य रुपमा कति किसिममा वर्गीकरण गरिन्छ ? लेख्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) कर्मचारीतन्त्रलाई कति प्रकारमा वर्गीकरण गरिएको पाईन्छ ? उल्लेख गर्दै नेपालको मौजुदा कर्मचारीतन्त्रलाई सुधार गर्न अपनाउनुपर्ने उपायहरु के देख्नुहुन्छ ? लेख्नुहोस् ।

(७) नेपालमा सार्वजनिक नीतिका कमजोरी वा सीमाहरु के के देख्नुहुन्छ ? उल्लेख गर्दै सार्वजनिक नीति सम्बन्धी समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।

(८) नेपालको आवधिक विकास योजना तर्जुमा गर्ने निकाय राष्ट्रिय योजना आयोगको गठन कसरी गरिन्छ ? यस आयोगको काम, कर्तव्य र अधिकारबारे चर्चा गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) नेपालको सरकारी लेखापरीक्षणका आधारहरू के के हुन् ? सरकारी कार्यालयहरूको आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने निकाय (को.ले.नि.का. र म.ले.प.) को काम र कर्तव्य उल्लेख गर्नुहोस् ।

(१०) विकास योजना भन्नाले के बुझ्नुहुन्छ ? उल्लेख गर्दै नेपालमा विकास योजना तर्जुमाका आधारहरू तथा योजना तयारी गर्ने प्रक्रिया बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

## समाधान

**(१) राज्य भन्नाले के बुझिन्छ ? राज्यका लागि आवश्यक तत्वहरू के-के हुन् ? चर्चा गर्दै राज्य सम्बन्धी आंगिक सिद्धान्तका बारे संक्षिप्तमा लेख्नुहोस् ।**

### राज्यको अर्थ एवं परिभाषा

राज्यको उत्पत्ति मानवको उत्पत्ति संग सँगै भएको मानिन्छ । जब मानव समुदायले आफूलाई राजनीतिक समुदायको रुपमा संगठित गर्‍यो, त्यही व्यक्तिहरूको संगठित समूहलाई राज्य भनियो र राज्यले उपर्युक्त समाजमा व्यक्तिहरूको हितको रक्षा गरी उनीहरूको कृयाकलापमा सहयोग गर्न र आवश्यकता पूर्तिको लागि राजनीतिक समाज वा राज्यद्वारा नियम बनाई त्यस्ता नियम र कानूनको प्रयोगद्वारा शान्ति स्थापना एवं न्याय प्रशासनका कार्य गरी जनताको उद्देश्य पूर्ति गर्ने कार्यको थालनी भयो ।

व्यक्ति-व्यक्ति मिलेर परिवार, परिवार-परिवार मिलेर समाज/गाउँ तथा समाज/गाउँहरू मिलेर राज्य बन्दछ । राज्य मानवीय चाहनाको परिपूर्तिको लागि स्थापना भएको प्राकृतिक संस्था हो । यसरी राज्य एउटा वृहत समाज हो र कानूनी राज्यको चाहनालाई पूरा गर्ने साधन हो । वर्तमान समयमा मानव जीवनको हरेक पक्ष (Aspect) लाई राज्यले नै सञ्चालन गरिरहेको छ ।

शास्त्रीय राजनीतिशास्त्रीहरू राज्यलाई एउटा नभई नहुने खराबी (Necessary Evil) मान्दछन् । किनभने राज्यको स्वभाव दमनकारी प्रकृतिको हुन्छ तथापी मानिसहरूका बीचमा रहने प्रतिस्पर्धी स्वार्थहरूका बीच उपयुक्त सन्तुलन कायम गर्दै मानव सभ्यतालाई जोगाइराख्ने संगठित एवं संस्थागत स्थायी प्रयत्न राज्य नै भएकोले राज्य एउटा नभई नहुने कुरा हो । त्यसैले राजनीतिशास्त्रीहरूको प्रयत्न राज्यको आवश्यक तत्वलाई अभिवृद्धि गर्ने र खराब तत्वलाई कम गर्ने तर्फ नै केन्द्रित रहँदै आएको पाईन्छ ।

आधुनिक समयमा प्रहरी राज्य (police state) बाट गुणात्मक र लोककल्याणकारी राज्य (welfare state) मा भइरहेको रुपान्तरणले राज्यको आवश्यक तत्वको अभिवृद्धिलाई संकेत गर्दछ भने संविधानवाद तथा प्रशासकीय

Question Bank Nepal

कानूनको समानान्तर विकासले राज्यको खराब तत्वको न्यूनीकरणको प्रक्रियालाई संकेत गर्दछ ।

हर्षनाथ शर्मा भट्टराईद्वारा सम्पादित प्रशासकीय तथा कानूनी शब्दकोषमा 'राज्य' को अर्थ यसप्रकार दिइएको छ : "राज्य (ना.) एक राजा वा एकै सत्ताद्वारा शासित देश, राजाको काम, रजाइँ, शासन, शब्द, कुनै ठूलो राष्ट्रका अन्तर्गत स्वायत्त शासनको अधिकार प्राप्त प्रान्त या राज्य ।"

व्यापक अर्थमा कुनै एउटा निश्चित भू भाग वा सिमानाभित्र विभिन्न जातजाति, समुदाय, वर्ग र समूहको स्वतन्त्र र सार्वभौम अधिकारको रक्षा गर्दै त्यस क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको हित संरक्षण एवम् कल्याण गर्ने उद्देश्यले स्थापित एक प्रकारको वृहत्तर संस्थालाई राज्य भनिन्छ ।

अर्को शब्दमा भन्ने हो भने राज्य यस प्रकारको सर्वोच्च संस्था हो जसले त्यो संस्थाभित्र आबद्ध समुदायको सुख समृद्धि र कल्याणका साथै सार्वजनिक हितको प्रवर्द्धनको क्रम सम्प्रभुताको प्रयोग गर्दछ र सो क्रममा आवश्यक नियन्त्रण र सामञ्जस्यता कायम गरी शान्ति एवम् सुव्यवस्था कायम राख्दछ ।

**राज्यका लागि आवश्यक तत्वहरू :**

आधुनिक पूर्ण राज्य स्थापना हुनको लागि अनिवार्य रुपमा आवश्यक पर्ने चार तत्वहरूलाई नै राज्यका तत्वहरू (Elements of State) भनिन्छ । प्राचीन एवम् वर्तमानकालका विद्वानहरूमा राज्यका तत्व सम्बन्धमा फरक फरक मत रहेको पाइन्छ । प्राचीन पूर्वीय जगतका लेखक कौटिल्यले राज्यका लागि ७ तत्व आवश्यक हुने विचार राखेको पाइन्छ । राज्य हुनको लागि अनिवार्य ती तत्वहरू जनसंख्या, भू-भाग, सरकार र संप्रभुता हुन् । पछिल्ला समयमा नवोदित राज्यको रुपमा अन्तर्राष्ट्रिय मान्यता लाई समेत राज्यको आवश्यक तत्वको रुपमा अगाडी सारी राज्य हुनको लागि अनिवार्य तत्वहरूको संख्या पाँच पुऱ्याएको पाईन्छ । राज्य निर्माणका महत्वपूर्ण यी तत्वहरू बारेमा तल संक्षिप्तमा चर्चा गरिन्छ ।

(१) **जनसंख्या (Population):-** जनसंख्या राज्यको पहिलो तत्व हो अर्थात् जनसंख्या बिना राज्यको निर्माण हुन सक्दैन । नागरिकहरूको बसोबास बिना समुदाय र संगठन बन्दैन र समुदाय र विभिन्न संगठनहरू सञ्चालन गर्ने सर्वोच्च माध्यम नै राज्य हो । तथापि राज्यका लागि यति नै जनसंख्या हुनु भनी सीमित गर्न सकिँदैन ।

(२) **भू-भाग (Territory):-** जसरी एक राज्यका लागि जनसंख्याको आवश्यकता पर्छ त्यसरी नै यसका लागि भूमिको पनि त्यतिकै आवश्यकता हुन्छ । सधैं डुलुवा जीवन बिताउने जातिले कहिल्यै पनि राज्यको स्थापना गर्न सक्दैन । त्यसैले राज्यका लागि यस्तो भूभाग वा क्षेत्र हुनुपर्छ जहाँ त्यस राज्यका नागरिकहरू स्थायी रुपले बसोबास गर्न सकून्, उनीहरूको निश्चित अचल जग्गा जमिन होस् र सोको प्रयोग गर्न आवश्यक स्रोत साधन उपलब्ध होस् । राज्यको भूभाग विखण्डित नभई एकिकृत हुनुपर्छ तर राज्यको लागि यति नै क्षेत्रफलको आवश्यक पर्छ भन्ने कुनै सीमा छैन । त्यसैले विश्वमा ठूला साना दुवै किसिमका राष्ट्र रहेका छन् ।

(३) **सरकार (Government) :-** राज्य एउटा अमूर्त धारणा हो, यसलाई मूर्त रुप दिनका लागि सरकारको आवश्यकता पर्दछ । सरकार बिना राज्य वा नागरिकका इच्छाहरूको पूर्ति हुन सक्दैन । यसका लागि राज्यका तर्फबाट व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका गरी सरकारका ३ मुख्य अंगको स्थापना गरिएको हुन्छ । यी अंगहरूको माध्यमद्वारा राज्यले आफ्नो शासन सञ्चालन गरी राज्यमा शान्ति र सुव्यवस्थाको सुनिश्चितता हुने गर्दछ ।

(३) **सम्प्रभुता (Soverignty):-** सम्प्रभुता राज्यको सर्वोच्च शक्ति हो । यसैको माध्यमद्वारा राज्य सञ्चालनका लागि आवश्यक नीति निर्माण र ऐन कानूनको तर्जुमा हुने गर्दछ । यसले नागरिकहरूलाई कर्तव्यनिष्ठ र अनुशासित बनाउँछ, शान्ति र सुव्यवस्था कायम राख्नमा सहयोग पुऱ्याउँछ, यसका अलावा आन्तरिक उपद्रव वा बाह्य हस्तक्षेपबाट नागरिकहरूको सुरक्षा कायम गर्ने दिशामा समेत राज्यले सम्प्रभुताको प्रयोग गर्दछ ।

माथि उल्लेखित जनसंख्या, भूभाग, सरकार एवम् सम्प्रभुता राज्यका लागि नभई नहुने सर्वमान्य तत्वहरू हुन् । आजभोली केही विद्वानहरूले यी तत्वहरूको अलावा राज्य हुनको लागि अन्तर्राष्ट्रिय मान्यता (Recognation) पनि आवश्यक पर्ने मत राख्न थालेका छन् ।

**राज्य हुनका लागि आवश्यक तत्वहरू :** (१) निश्चित भूभाग, (२) जनसंख्या, (३) सार्वभौमसत्ता सम्पन्न, (४) सरकार र (५) संयुक्त राष्ट्र संघ एवं विदेशी सरकारद्वारा मान्यता प्राप्त । (कौटिल्यका अनुसार राज्य हुनका लागि आवश्यक तत्व

Question Bank Nepal

अर्थात् सप्ताङ्ग सिद्धान्त – स्वामी (राजा), अमात्य (मन्त्री), मित्र, कोष (ढुकुटी), जनपद, दुर्ग (किल्ला) र बल (सेना) ।

**राज्य सम्बन्धी आँगिक सिद्धान्तहरू :**

★ आँगिक सिद्धान्त राज्यको स्वरुप सम्बन्धी अत्यन्तै पूरानो सिद्धान्त हो । यो सिद्धान्त अनुसार राज्य एक जीवित शरीर हो ।

★ जसरी व्यक्ति विभिन्न Living cells बाट बनेको हुन्छ ठिक त्यसरी नै राज्य पनि व्यक्तिरुपी जीवित कोषबाट नै बन्दछ ।

★ यस सिद्धान्तले जसरी एक जीवित प्राणीको आफ्नो अंगप्रत्यंग सँग सम्बन्ध हुन्छ, त्यस्तै गरी राज्य र राज्यका अंगहरूबीच पनि पारस्परिक सहं सम्बन्ध र समन्वय हुन्छ भन्ने मान्यता राख्दछ ।

★ यस सिद्धान्त अनुसार राज्य विहिन व्यक्तिको कुनै अस्तित्व हुँदैन अर्थात् राज्य र व्यक्ति एक अर्काका परिपूरक हुन् ।

★ यस सिद्धान्तका प्राचीन समर्थकहरुमा प्लेटो, अरस्तु र रोमन विचारक हरूलाई लिन सकिन्छ जसले राज्यको तुलना विशलकाय मानिससँग गरेका थिए भने मध्ययुगमा सेन्ट टमस एक्वेनसर मार्सिलियोले पनि यो विचारलाई अघि बढाए । आधुनिक युगको प्रारम्भमा रुसोले आफ्नो कृतिमा राज्य र मानव शरीलाई एकै मानी राज्य र शरीर दुवैमा इच्छा र शक्तिको उपस्थिति हुन्छ, शक्ति भनेको राज्यको हृदय र इच्छा भनेको मस्तिष्क हो भनी उल्लेख गरेको पाइन्छ ।

★ राज्य सम्बन्धी आँगिक सिद्धान्तका समर्थकहरूले निम्न तर्कको आधारमा राज्यको आँगिक स्वरुपको पुष्टि गर्ने प्रयत्न गरेको पाइन्छ :-

१. मानिसको शरीरमा लाखौं living cells भए जस्तै राज्यमा पनि व्यक्ति हुन्छ ।

२. व्यक्ति र राज्यको एकनासको प्रक्रिया एवम् प्रणाली हुन्छ । मानव शरीरमा जसरी मस्तिष्कले नियन्त्रकको काम गर्दछ, त्यसरी नै राज्यमा सरकारले नियन्त्रकको काम गर्दछ ।

प्राणी र राज्यको विकास एकनाससँग हुन्छ । सुरुमा दुवै सामान्य र सरल हुन्छन् विस्तारै विस्तारै जटिल हुँदै जान्छन् ।

मानव शरीरमा जसरी दुर्वल र कमजोर सेलहरू नष्ट हुन्छन् र तिनको स्थान नयाँ सेलहरूले लिन्छन्, त्यसैगरी राज्यमा पनि सरकार परिवर्तन भइरहन्छन् ।

५. शरीरमा सबै अंग र इन्द्रियहरू एक अर्कामाथि अन्तरनिर्भर भएझैं राज्यका विभिन्न व्यक्ति, वर्ग एकअर्कासँग अन्तरनिर्भर हुन्छन् ।

६. राज्य र मानव शरीर दुवैमा अंगहरूको तुलनामा मुख्य शरीर दीर्घायु हुन्छ । जस्तै जसरी शरिकको कुनै अंगमा कमजोरी देखिए वा सो अंग नरहे पनि शरीर बाँच्न सक्छ त्यसैगरी कुनै एक व्यक्ति नरहे पनि राज्य रहन्छ ।

अन्त्यमा राज्यको आंगीक सिद्धान्तले व्यक्तिलाई राज्यको एक सानो एकाइ मान्दछ र राज्यको विकास भए उसको विकास भैहाल्छ भनी व्यक्तिको सत्तालाई मूल्यहिन ठान्दछ । यसले निरङ्कुश र स्वेच्छाचारी राज्य सिद्धान्तलाई प्रोत्साहन दिन्छ ।

**(२) व्यवसायिक शासन भन्नाले के बुझ्नुहुन्छ ? उल्लेख गर्दै यस शासनका उद्देश्य, प्रकार तथा पक्षहरू बारेमा स्पष्ट पार्नुहोस् ।**

**व्यवसायिक शासन (Corporate governance)**

★ व्यवसायिक शासनलाई एउटा प्रणाली (System), प्रक्रिया (Process) र सिद्धान्त (Principle) को संयोजनको रुपमा परिभाषित गर्न सकिन्छ। जसले संस्थाका सम्पूर्ण सरोकारवालाहरूको चाहनालाई पूरा गर्दै संस्थालाई govern भन्ने कुराको प्रत्याभूति गर्दछ ।

★ यो एउटा System हो जसले संस्थालाई निर्देशित र नियन्त्रित गर्दछ ।

★ यसले संस्थागत (शुद्धता) निष्पक्षता, पारदर्शिता र उत्तरदायित्वलाई Promote गर्दछ त्यसैले good corporate governance नै good business हो ।

★ व्यवसायिक शासनले निम्न कुराको प्रत्याभूति गर्दछ :-

- यसले संस्थागत लक्ष्य प्राप्तिका लागि पर्याप्त एवम् प्रभावकारी निर्णय गर्दछ,
- व्यवसायिक (क्रियाकलाप) कारोबारमा पारदर्शिता
- Stakeholder का इच्छाहरूको संरक्षण
- व्यवसायिक मूल्य एवम् नैतिकताका लागि प्रतिबद्धता

★ व्यवसायिक शासनले संस्थाको यस्तो पक्षसँग सम्बन्ध राख्दछ जसले संस्थाका सम्पूर्ण सरोकारवालासँग विभेदरहित व्यवहार गरी बढी भन्दा बढी सरोकारवालाहरूलाई लाभ पुऱ्याउन सकियोस् ।

Question Bank Nepal

- ★ यो व्यवसायिक मूल्य, व्यवसायिक नैतिकता तथा संस्थाको व्यवस्थापनमा व्यक्तिगत र संस्थागत सम्पत्तिको विभाजन सम्बन्धीको प्रतिबद्धता हो।
- ★ Corporate governance को लक्ष्य भनेकै संस्थाका Shareholder एवम् अन्य सरोकारवालाहरूका लागि दीर्घकालीन रुपमा पारदर्शी तरिकाले व्यवसायिक हित एवम् मूल्यलाई बढावा दिनका लागि उच्च तहको प्रतिबद्धता सुनिश्चित गर्नु हो।

**व्यवसायिक शासनका उद्देश्यहरू**

व्यवसायिक शासनले निम्न कुराहरूको प्राप्ति गर्ने उद्देश्य राखेको हुन्छ :-

- ★ संस्थासँग सम्बन्धित विषयहरूका सवालमा स्वतन्त्र एवम् वस्तुगत निर्णय लिन सक्ने क्षमताको सुव्यवस्थित तरिकाले संरचित Board बनाउनु।
- ★ सञ्चालक समितिलाई गैर कार्यकारी एवम् स्वतन्त्र निर्देशकको उचित प्रतिनिधित्व सहितको सन्तुलित आकारको बनाउने जसले गर्दा संस्था एवम् सरोकारवालाको Interest लाई पूरा गर्न सकियोस्।
- ★ पर्याप्त सूचनाका आधारमा पारदर्शी प्रक्रिया र अभ्यासका माध्यमद्वारा निर्णय लिने पद्धतिको आत्मसात गर्ने।
- ★ सञ्चालक समितिलाई सरोकारवालाको सरोकारलाई पूरा गर्ने एउटा प्रभावकारी संयन्त्रको रुपमा विकास गर्ने।
- ★ संस्थालाई प्रभाव पार्ने खालका परिवर्तन एवम् विकासको लागि shareholders लाई सूचना दिने।
- ★ व्यवस्थापन समितिका कार्यहरूको प्रभावकारी एवम् नियमित तरिकाले अनुगमन गर्ने।
- ★ संस्थासँग सम्बन्धित सवालहरूका सन्दर्भमा प्रभावकारी नियन्त्रण गर्न सक्ने सञ्चालक समितिको विकास गर्ने।

**व्यवसायिक उत्तरदायित्वका प्रकारहरू :**

व्यवसायिक शासनको अवधारणालाई आधार मानेर हेर्दा कुनै पनि व्यवसायिक संगठनका निम्नानुसार ३ प्रकारका उत्तरदायित्वहरू हुन्छन् :-

1. **Political Responsibilities:-** राजनीतिक उत्तरदायित्व प्रमुख व्यवसायिक उत्तरदायित्वमा पर्दछ। जस अनुसार कुनै पनि व्यवसायिक संगठनले देशको संविधानले प्रदत्त गरेका अधिकार र अपनाएका सिद्धान्तभन्दा बाहिर गएर कुनै पनि व्यवसायिक गतिविधि गर्नु हुँदैन। अर्थात् संस्थाका सम्पूर्ण क्रियाकलापहरू कानूनद्वारा निर्देशित हुनुपर्दछ।
2. **Social Responsibilities :-** सामाजिक उत्तरदायित्वले संस्थाको नैतिक उत्तरदायित्वलाई जनाउँछ यस अन्तर्गत कुनै पनि व्यवसायिक संस्था समाजमा नै सञ्चालित हुने भएकोले आफू सञ्चालित समुदाय वा सम्पूर्ण समुदायको विकासमा कार्य गर्नु पर्दछ। संस्थाको आफ्नो नाफाको केही प्रतिशत हिस्सा सामाजिक हितका कार्यमा लगाउनु पर्दछ।
3. **Economic Responsibilities:-** व्यवसायिक उत्तरदायित्वको यस प्रकारले कुनै पनि व्यवसायिक संस्थाको बजारसँग प्रतिस्पर्धा गरी अनुसन्धानात्मक कार्यहरूद्वारा अनुसन्धानात्मक क्रियाकलापलाई बढावा दिनुपर्दछ, cartelling का माध्यमद्वारा प्रतिस्पर्धालाई सीमित गर्ने कार्य कुनै पनि व्यवसायिक संगठनले गर्नु हुँदैन।

**व्यवसायिक शासनका मुख्य तीन पक्षहरू**

1. **Board of Directors:-** व्यवसायिक शासनमा सबैभन्दा महत्वपूर्ण भूमिका सञ्चालक समितिकै हुन्छ। यो संस्थाका अंशियारहरूप्रति जवाफदेही हुनुका साथै व्यवस्थापनलाई निर्देशन एवम् नियन्त्रण गर्दछ। यसले संस्थालाई अगाडि बढाउनका लागि रणनैतिक लक्ष्य एवम् आर्थिक उद्देश्यको निर्धारण गरी सोको कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन गरी आन्तरिक नियन्त्रण कायम गर्दै पारदर्शी तरिकाले अंशियारहरूलाई सञ्चालित क्रियाकलाप एवम् प्रगतिका बारेमा सामयिक रुपमा जानकारी गराउने कार्य गर्दछ।
2. **Shareholders:-** व्यवसायिक शासनमा shareholders को भूमिका भनेको BOARD OF DIRECTORS एवम् auditors को नियुक्ति गर्ने र संस्थाको उचित शासनको लागि उत्तरदायी बनाउन समय समयमा संस्थासँग सम्बन्धित सूचनामा माग गर्ने कार्य गर्दछ।
3. **Management:-** सञ्चालक समितिको निर्देशन बमोजिम संस्थाको उचित व्यवस्थापन गर्दै अगाडि बढाउने र पर्याप्त नियन्त्रण पद्दति अपनाई संस्थाको उचित सञ्चालनको बारेमा सञ्चालक समितिलाई निश्चित बनाउन समय समयमा पारदर्शी तरिकाले सम्बन्धित सूचना सञ्चालक समितिलाई प्रदान गर्ने गर्दछ।

Question Bank Nepal

व्यवसायिक शासनका मुख्य Actors माथि उल्लेखित भएता पनि यसका अलावा Legislation, Code of conduct, Board of independence, Board skills, Management Environment, Business and community obligation ले पनि व्यवसायिक शासनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपले प्रभाव पार्दछन् । व्यवसायिक शासन मूलत: Integrity and Fairness, Transparency and Disclosures र Accountability and Responsibility को सिद्धान्तमा आधारित छ ।

**(३) नेपालको राष्ट्रिय सुरक्षाका क्षेत्रमा संलग्न प्रमुख निकायहरू कुन-कुन हुन् ? नेपालको राष्ट्रिय सुरक्षाको लागि विशेष महत्व राख्ने राष्ट्र शक्तिका साधनहरू के-के हुन् उल्लेख गर्नुहोस् ।**

**राष्ट्रिय सुरक्षाका क्षेत्रमा संलग्न प्रमुख निकायहरू**

नेपालको राष्ट्रिय सुरक्षाका प्रमुख अधिकारी सार्वभौमसत्ता र राजकीयसत्ता संपन्न नेपाली जनताहरू नै हुन् । जनताले आफ्नो प्रतिनिधि नागरिक सरकारद्वारा राष्ट्रको सुरक्षा गर्दछन् । जनताको नागरिक सरकार अन्तर्गत राष्ट्रिय सुरक्षामा विभिन्न निकायहरूले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् । नेपालको राष्ट्रिय सुरक्षाका क्षेत्रमा संलग्न रही महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका प्रमुख निकायहरू देहाय बमोजिम रहेका छन् –

| राष्ट्रिय सुरक्षाका क्षेत्रमा संलग्न प्रमुख निकायहरू | |
|---|---|
| (क) राष्ट्रिय सेना अर्थात् नेपाली सेना | नेपालको राष्ट्रिय सेना (नेपाली सेना) ले आन्तरिक विखण्डनकारी तत्व तथा बाह्य आक्रमण समेतबाट राष्ट्रको सुरक्षाको कार्य गर्दछ । |
| (ख) राष्ट्रिय सुरक्षा परिषद् | नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोग गर्नको लागि मन्त्रीपरिषद्लाई सिफारिश गर्ने निकायको रुपमा रहेको छ । |
| (ग) नागरिक सरकार (नेपाल सरकार) | नेपाल सरकारले जनसमाजमा आन्तरिक शान्ति सुव्यवस्था, अमनचयन कायम गर्ने कार्य कानूनद्वारा व्यवस्था भए गरे बमोजिम नेपाल प्रहरी, सशस्त्र प्रहरी जस्ता निकाय मार्फत गर्दछ । |
| (घ) संसदको राज्य व्यवस्था समिति तथा सुरक्षा विशेष समिति | यी निकायहरू सम्पूर्ण सुरक्षा निकायहरूको व्यवस्थापकीय सुपरीवेक्षणको लागि संसदमा गठित निकायहरू हुन् । |
| (ङ) गृह, रक्षा, अर्थ मन्त्रालय लगायतका निकायहरू | राष्ट्रको सुरक्षा व्यवस्थाको अनुगमन तथा सुपरीवेक्षण जस्ता कार्यहरू तथा सहयोगी र पारदर्शी बनाउने कार्यहरू यी निकायहरूद्वारा गर्ने व्यवस्था रहेको छ । |
| (च) प्रहरी (नेपाल प्रहरी) | नेपाल प्रहरीको मुख्य उद्देश्य भनेको आन्तरिक सु-व्यवस्था र शान्ति (Law and order) कायम राखी राष्ट्रिय सुरक्षामा योगदान पुर्‍याउनु हो । |
| (छ) शसस्त्र प्रहरी बल | अर्ध सैनिक बलको रुपमा रहेको यस सुरक्षा निकायलाई देशको सीमा सुरक्षा बलको रुपमा साथै राज्यको विभिन्न महत्वपूर्ण व्यक्ति तथा संरचनाको सुरक्षामा खटाइएको छ । |
| (ज) राष्ट्रिय अनुसन्धान विभाग | राज्य तथा समाजको सुरक्षा र यसको प्रमुख स्वार्थको रक्षा सम्बन्धी सान्दर्भिक सूचनाको संकलन गरी त्यसको स्वतन्त्र विश्लेषण गरी सरकारका सरोकारवाला जिम्मेवार निकायलाई सो सूचना र विश्लेषण आवश्यकता अनुसार उपलब्ध गराउने काम यस गुप्तचर निकायले गर्दै आएको छ । |

**नेपालको राष्ट्रिय सुरक्षाको लागि महत्वपूर्ण राष्ट्र शक्तिका साधनहरू**

कुनै पनि राष्ट्रको राष्ट्रिय सुरक्षाको सवलतालाई मापन गर्दा त्यो राष्ट्रमा रहेका राष्ट्र शक्तिका साधनहरूको आधारमा गर्ने गरिन्छ । सार्वभौमसत्ता एवं राजकीय सत्ता संपन्न नेपाली जनता नै समग्र रुपमा राष्ट्र शक्तिको श्रोत हो । नेपाली जनतालाई नै राष्ट्रिय सुरक्षाको लागि विशेष महत्व राख्ने राष्ट्र शक्तिको प्रमुख साधनको रुपमा लिईन्छ । यसका अतिरिक्त देहाय बमोजिमका कुराहरूलाई समेत नेपालको राष्ट्रिय सुरक्षाको लागि विशेष महत्व राख्ने राष्ट्र शक्तिका साधनहरूका रुपमा लिईने गरिन्छ ।

Question Bank Nepal




★ जनता नै राज्य शक्तिको स्रोत हो भन्ने कुरा निर्विवाद छ तर कुनै पनि शक्तिको स्रोत त्यस देशका जनताको राष्ट्र र राष्ट्रियता प्रतिको जागरुकता एवम् क्रियाशीलतामा भर पर्दछ । त्यसैले जुन राष्ट्रका जनता राष्ट्रप्रेमी, सक्षम एवम् क्षमतावान् छन् त्यस देश शक्ति सम्पन्न राष्ट्रका रुपमा चिनिन्छ ।

★ मुलुकको राष्ट्रिय सुरक्षा शक्तिमा त्यस देशको भू-बनोट वा आकृतिले पनि भूमिका खेलेको हुन्छ । यदि देशको भौगोलिक बनावट सीमाक्षेत्रमा कठिन प्रकृतिको भएमा सो राष्ट्र सुरक्षाका दृष्टिले मजबुत मानिन्छ भने खुला सीमाना एवम् सहज भौगोलिक स्थिति राष्ट्रिय सुरक्षा एवम् शक्तिका दृष्टिकोणले संवेदनशील हुन्छ ।

★ प्राकृतिक श्रोत साधन पनि राष्ट्र शक्तिका महत्वपूर्ण साधन हुन् । जुन देशमा प्राकृतिक स्रोत साधनहरू पर्याप्त हुन्छन् त्यस देश आर्थिक रुपले सवल हुन्छन् जसले राष्ट्रिय सुरक्षामा सकारात्मक भूमिका खेल्दछ ।

★ राष्ट्रको मजबुत शक्तिको रुपमा सैनिक क्षमतालाई लिइन्छ । यसमा सेना तथा सुरक्षा निकायको संख्या र क्षमता कस्तो रहेको छ त्यसले राष्ट्रको हित र सुरक्षामा भूमिका खेल्दछ तसर्थ नेपालको सुरक्षा एवम् शक्तिका लागि सुरक्षा निकायको दक्षता र मनोबल उठाउने प्रक्रियाको खाँचो रहेको छ ।

★ राज्यको शक्तिको रुपमा त्यस देशमा के कस्ता राजनीतिक नेताहरुले राज्य सञ्चालन गरेका छन् भन्ने कुराले महत्वपूर्ण भूमिका खेल्दछ । सवल एवम् सक्षम राष्ट्रिय शक्तिका लागि नेतृत्वप्रति जनता र मातहतका सेनाले भरोसा र विश्वास राखेको हुनुपर्दछ ।

★ उच्च राष्ट्रिय शक्तिका लागि राष्ट्रिय चरित्र र मनोबल जस्तै विश्वसामु राष्ट्रिय छवि, सम्मान र प्रतिष्ठा हुनु आवश्यक छ । देशको सम्मान र प्रतिष्ठा कायम राख्ने जमर्को राजनीतिक, कुटनैतिक, सेना लगायत सुरक्षा निकाय एवम् समस्त राष्ट्रका अंगहरू र सञ्चार जगतबाट प्रतिविम्बित गराउनु पर्दछ ।

★ आधुनिक किसिमका प्रविधि लगायत दैनिक उपभोग्य सामग्रीहरू मुलुकमै उत्पादन गरी आत्मनिर्भर हुने र त्यसलाई निकासी गर्ने किसिमको क्षमता राज्यको शक्तिको रुपमा मानिन्छ ।

**(४) अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले कस्तो कानुनलाई बुझिन्छ ? उल्लेख गर्दै मानव अधिकार कानुन र मानवीय कानुनमा रहेका समानता र भिन्नताहरू औल्याउनुहोस् ।**

### अन्तर्राष्ट्रिय मानवीय कानुनको परिचय

अन्तर्राष्ट्रिय मानवीय कानुनको त्यो शाखा हो, जुन कानुन सशस्त्र संघर्षहरू समयमा लागू हुन्छ । अन्तर्राष्ट्रिय वा गैर अन्तर्राष्ट्रिय जुनसुकै प्रकृतिका सशस्त्र संघर्षबाट प्रत्यक्ष रुपमा उत्पन्न हुने मानवीय चासोका विषयको समाधान गर्नु यस कानुनको उद्देश्य रहेको हुन्छ । सशस्त्र संघर्षको कानुन वा युद्धको कानुन पनि भनेर चिनिने अन्तराष्ट्रिय मानवीय कानुनका देहाय बमोजिमका दुई शाखाहरू रहेका छन् :-

(क) जेनेभा कानुन :- अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गत पर्ने जेनेभा कानुनहरू लडाइमा भाग नलिने सैनिकहरू र संघर्षमा सक्रिय रुपमा संलग्न नभएका अर्थात् सर्वसाधारण नागरिकहरूको संरक्षण गर्नका लागि बनेका हुन् ।

(ख) हेग कानुन :- अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गत पर्ने हेग कानुनको उद्देश्य सैनिक कारबाहीको सञ्चालनमा युद्धरत पक्षका अधिकार र दायित्वलाई स्थापित गरी दुश्मनलाई हानी पुऱ्याउने साधनहरूलाई (हतियारहरू) सीमित गर्नु हो ।

अन्तर्राष्ट्रिय मानवीय कानुनको जन्म र विकास युद्ध गर्न पाउनु राज्यको अधिकार मानिने समयमा भएकोले यस कानुनले युद्धको वैधताको विषयमा विचार गर्दैन, जब युद्ध हुन्छ तब क्रियाशील हुन्छ । तथापि केही अपवादको स्थितिमा बाहेक (UN बडा पत्र धारा ५१ समेत) युद्ध र शक्तिको प्रयोगलाई निशेध गरिएको पाइन्छ । यदि युद्ध भई हालेमा भने आज पनि अन्तर्राष्ट्रिय मानवीय कानुन क्रियाशील हुन्छ । यस कानुनका देहाय बमोजिम केही मूलभूत सिद्धान्तहरू समेत रहेको पाइन्छ :-

★ नागरिक र लडाकुहरू बीचको भिन्नता हुनुपर्ने,

Question Bank Nepal

★ घाइते र हतियारविहिन लडाकुउपर आक्रमण गर्न नपाइने,

★ अनावश्यक दुःख, यातना, पीडा दिने नपाइने,

★ अत्यावश्यक अवस्थामा मात्र हतियार वा शक्तिको प्रयोग गर्नुपर्ने,

★ समानुपातिक बल वा शक्तिको प्रयोग हुनुपर्ने आदि ।

अन्त्यमा, युद्धको बैधता वा अवैधताको विषय ग्ल बडापत्र लगायतका अन्तर्राष्ट्रिय कानुनका अन्य विधाबाट निर्धारित हुने विषयहरू हुन् । अन्तर्राष्ट्रिय मानवीय कानुनले त युद्धको बैधता वा अबैधतालाई नहेरी अन्तर्राष्ट्रिय सशस्त्र संघर्ष र गैर अन्तर्राष्ट्रिय सशस्त्र संघर्ष दुवैलाई सम्बोधन गर्ने गर्दछ ।

**मानव अधिकार कानुन र मानवीय कानुनमा समानता**

(क) यी दुवै कानुनले व्यक्तिको रक्षा गर्ने उद्देश्य राख्दछन् ।

(ख) यी दुवै कानुन अन्तर्राष्ट्रिय चरित्रका कानुन हुन् ।

(ग) सशस्त्र द्वन्द्वको समयमा दुवै कानुनहरू सँगसँगै लागू हुन्छन् ।

(घ) यी दुवै कानुनहरू मानवका कुनै न कुनै अधिकार कुनै न कुनै स्वरुपमा रक्षाको लागि क्रियाशील हुन्छन् ।

(ङ) जेनेभा महासन्धिको साझा धारा ३ तथा प्रोटोकलका विभिन्न धाराहरूले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका मान्यतलाई अंगीकार गरेको पाइन्छ भने बाल अधिकार महासन्धी, १९८९ को धारा ३८ तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगलाई निशेष गर्ने उक्त महासन्धिको प्रोटोकलले अन्तर्राष्ट्रिय मानवीय कानुनको मान्यताहरूलाई स्वीकार गरेको पाइन्छ ।

**मानव अधिकार कानुन र मानवीय कानुनमा भिन्नता**

(क) अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले जुनसुकै समयमा पनि बिना भेदभाव सबैलाई समान व्यवहार गर्नुपर्ने कुरा निर्देशित गर्दछ भने अन्तर्राष्ट्रिय मानविकी कानुनले सैनिक आवश्यकताको नाममा गरिने अतयाधिक मानव कष्ट, पीडा तथा भौतिक क्षतिलाई गैर कानुनी ठहर गरी सशस्त्र द्वन्द्वका पीडितहरू (बिरामी, घाइते, अशक्त, युद्धबन्दी) लाई न्यूनतम सुरक्षाको प्रत्याभूति दिने कुराको सुनिश्चितता गर्दछ ।

(ख) अन्तर्राष्ट्रिय मानव अधिकार कानुन युद्ध वा शान्ति जुनसुकै समयमा पनि क्रियाशील हुन्छ भने मानविकी कानुन सामान्यतःयुद्धको समयमा मात्र क्रियाशील हुन्छ ।

(ग) अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका रुपमा केही साझा एवम् दर्जनौं विषयगत महासन्धी (प्रोटोकल समेत) हरू रहेका छन् भने मानविकी कानुनका रुपमा जेनेभा महासन्धीहरू (४ महासन्धी र २ प्रोटोकल) र हेग कानुन रहेका छन् ।

(घ) अधिकार संरक्षण गरिने व्यक्तिहरू, समयावधि र विषयवस्तुको हिसाबले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले प्रदान गरेका अधिकार जस्तो मानविकी कानुनले प्रदान गरेका अधिकार व्यापक छैनन् ।

(ङ) मानव अधिकारकानुभन्दा मानविकी कानुन कम समतामूलक प्रकृतिको छ, तथापि मानविकी कानुनले प्रत्याभूत गरेका अधिकारको उपभोग गर्ने सन्दर्भमा भेदभाव नगरिने कुराको प्रत्याभूति भने गर्दछ ।

(च) देशको राष्ट्रिय जीवनमा नै खतरा उत्पन्न भएको अवस्थामा/बेलामा जारी गरिने संकटकालीन अवस्थाको घोषणाले मानव अधिकार कानुनले प्रत्याभूत गरेका केही अधिकारहरू निलम्बन गर्न सक्दछ तर यस्तो निलम्बनको अवस्था मानविकी कानुन अन्तर्गत हुँदैन ।

(छ) मानव अधिकार कानुन अन्तर्गत जीवनको अधिकार अनिलम्बनीय भएकोले सधैं संरक्षित रहन्छ भने मानवीय कानुन अन्तर्गत युद्धको समयमा युद्धरत योद्धाहरूको जीवनको अधिकार संरक्षित हुँदैन । जस्तो की वैधानिक तरिका वा पद्दतिबाट युद्धरत अवस्थामा शत्रु पक्षको योद्धाको जीवनको अधिकार समाप्त पार्न मानवीय कानुनले निशेष गर्दैन ।

(ज) मानव अधिकार कानुनलाई सामान्य कानुन र मानवीय कानुनलाई विशिष्टीकृत कानुनका रुपमा लिई व्याख्या गरिने अन्तर्राष्ट्रिय प्रचलन पाइन्छ । यी दुवै कानुन सँगसँगै लागु/संरक्षित भएको अवस्थामा यी दुई कानुन बाझिएको प्रश्न उठेमा विशिष्टीकृत (विशेष) कानुनको रुपमा रहेको मानवीय कानुन लागू हुने गरी व्याख्या गर्नुपर्ने मान्यता रहेको छ ।

Question Bank Nepal

**(५) समावेशीकरणका सिद्धान्त भन्नाले के बुझ्नुहुन्छ ? समानुपातिक प्रतिनिधितत्वका सबल तथा दुर्वल पक्षहरू बारे चर्चा गर्दै समानुपातिक प्रतिनिधित्व प्रणालीका मुख्य रुपमा कति किसिममा वर्गीकरण गरिन्छ ? लेख्नुहोस् ।**

**समावेशीकरणको सिद्धान्त**

राज्य भित्रका सबै नागरिकहरूले आ-आफ्नो धर्म, संस्कृति, भाषा, जाति, रितिरीवाज, परम्परा, रहनसहन, आस्था आदिको पहिचानलाई मान्यता दिँदै बिना भेदभाव राज्य प्रणालीमा सहभागिता जनाउन पाउने अवस्थालाई समावेशीकरण भनिन्छ । यसले मुलुकमा रहेका विभिन्न वर्ग, जाति, लिंग, क्षेत्रका सबै नागरिकलाई राज्यको मूल धारमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । राज्यको श्रोत, साधन र अवसरमा पहुँच नपुगेका अल्पसंख्यक सीमान्तकृत एवं बहिष्करणमा परेका वर्गलाई अवसर र सहभागिताको लागि अवलम्बन गरिने विभिन्न सिद्धान्तहरूको समष्टिलाई समावेशीकरणको सिद्धान्त भनिन्छ । समावेशीकरणको सिद्धान्तमा समाहित हुने विभिन्न सिद्धान्तहरूलाई मानव अधिकार सम्बन्धी विभिन्न दस्ताबेजहरूले समेत सम्बोधन गरेको पाइन्छ । त्यसैले समावेशीकरणलाई मानव अधिकारको रुपमा समेत लिने गरिने । समावेशीकरणको सिद्धान्त अन्तर्गत समाहित हुने सिद्धान्तहरूलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :-

- ★ समानताको सिद्धान्त (Principle of Equality)
- ★ विना विभेदको सिद्धान्त (Principle of Non-discrimination)
- ★ सकारात्मक विभदेको सिद्धान्त (Principle of positive Discrimination)
- ★ समूहिक पहिचानको सिद्धान्त (Principle of Collective Identity)
- ★ समानुपातिक प्रतिनिधित्वको सिद्धान्त (Principle of Proportional Representation)
- ★ सशक्तिकरणको सिद्धान्त (Principle of Empowerment)
- ★ विकासको सिद्धान्त (Principle of Development)
- ★ सार्वजनिक जीवनमा सहभागिताको सिद्धान्त (Principle of Participation in Public Life)
- ★ मानव अधिकारको सिद्धान्त (Principle of Human Rights)
- ★ सामाजिक न्यायको सिद्धान्त (Principle of Social Justice)

**समानुपातिक प्रतिनिधितत्वका सबल तथा दुर्वल पक्षहरू**


- ★ देशका सबै वर्ग, क्षेत्र, समुदाय र जातजातिको हैसियत अनुसार शासकीय क्रियाकलापमा संलग्न गराउने पद्धतिलाई समानुपातिक प्रतिनिधित्व प्रणाली भनिन्छ । यसलाई लोकतन्त्रको एक प्रमुख आधारस्तम्भको रुपमा लिइन्छ ।
- ★ यसले अल्पसंख्यक तथा सीमान्तकृत समुदाय,वर्ग तथा पिछडिएको क्षेत्रका व्यक्तिहरूलाई पनि अन्य समुदायका व्यक्ति सरह सार्वजनिक मामिलाहरूमा समानुपातिक प्रतिनिधित्वका आधारमा सहभागि बन्न पाउने कुराको सुनिश्चिततामा जोड दिन्छ । समानुपातिक प्रतिनिधित्व प्रणाली मुलत : आवधिक निर्वाचन संग सम्बन्धित तुलनात्मक रुपमा नवीनतम मूल्य मान्यता हो ।
- ★ तथापी पछिल्लो समयमा देशका निजामती, सैनिक, प्रहरी र अन्य सार्वजनिक सेवामा समेत यस प्रणालीलाई अवलम्बन गरेको पाइन्छ । यस प्रणाली अनुसार निर्वाचन गर्दा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने, त्यसरी दलले प्राप्त गरेको मतको अनुपातमा विजयी उम्मेदवार तय गरिन्छ ।
- ★ अल्पसंख्यक, सीमान्तकृत एवं बहिष्करणमा पारिएका समुदायलाई मुलुकको शासन संचालनमा हैसियत अनुसार सरिक गराउने सन्दर्भमा विकास गरिएका विभिन्न आधारभूत सिद्धान्तहरूमध्ये समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई सबैभन्दा महत्वपूर्ण सिद्धान्तका रुपमा लिने गरिन्छ ।
- ★ सबैभन्दा बढी मत प्राप्त गर्ने उमेदवार विजयी हुने निर्वाचन प्रणालीमा देखापरेका नकारात्मक असर कम गरी मुलुकको शासन प्रणालीमा सबै वर्ग, क्षेत्र, समुदाय र जातजातिलाई हैसियत अनुसार सहभागी गराउने उद्देश्यले नै समानुपातिक प्रतिनिधित्व प्रणालीको विकास भएको हो ।
- ★ नेपालमा पहिलो पटक समानुपातिक प्रतिनिधित्व प्रणाली संविधान सभा निर्वाचन, २०६४ मा अपनाइएको थियो । विशेषतः नेपाल जस्तो विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व गराउन संविधानसभा निर्वाचन साथै आवधिक निर्वाचनमा यो प्रणाली अपनाउन उपर्युक्त मानिन्छ ।

Question Bank Nepal

| सबल पक्षहरू | दुर्वल पक्षहरू |
|---|---|
| + अल्पसंख्यक, सीमान्तकृत एवं वहिष्करणमा पारिएका समुदाय तथा पिछडिएको क्षेत्रका व्यक्तिहरूको उचित प्रतिनिधित्व हुने । | + समानुपातिक प्रतिनिधित्व प्रणाली जटिल भएकोले यस पद्धतिलाई सर्वसाधारणले बुझ्न गाह्रो पर्ने । |
| + विधि निर्मात्री निकाय विधायिकामा लोकमतको उचित प्रतिनिधित्व हुने । | + यस प्रणालीको प्रयोगको कारण मुलुकमा साम्प्रदायिकताले प्रोत्साहन पाउने संभावना रहने । |
| + यस प्रणालीमा एउटै दलको प्रभुत्व रहन नसक्ने हुदा बहुदलीय व्यवस्थाको संरक्षण हुने । | + विविधतापूर्ण समाजमा उपयुक्त भएपनि एकरुपता भएको समाजका लागि उपर्युक्त नहुने । |
| + यस प्रणालीले गर्दा सबै तह र तप्काका जनताहरूले राजनीतिक शिक्षा प्राप्त गर्ने । | + बहुमत प्राप्त सरकार बन्न गाह्रो भई राजनीतिक अस्थिरतालाई बढावा दिने । |
| + यस प्रणालीको अवलम्बन गर्दा शासन संचालनका हरेक क्षेत्रमा सबै वर्गको प्रतिनिधित्व हुने । | + तुलनात्मक रुपमा जनप्रतिनिधि हरुमा जनउत्तरदायि भावना विकास नहुने हुदा जनप्रतिनिधि र जनताबीच सम्पर्क हुने कुराले त्यत्ति महत्व नपाउने । |
| + यस प्रणालीमा जनताले आफ्नो उम्मेदवारलाई प्राथमिकताको आधारमा छान्न पाउँने । | + यस प्रणालीमा कम क्षमता भएको व्यक्तिको मातहत बढी क्षमता भएको व्यक्तिले काम गर्नुपर्ने अवस्था आउन सक्ने भएकोले उत्प्रेरणामा असर पर्ने । |
| + अल्पसंख्यकले उचित प्रतिनिधित्व पाउँदा उनीहरुमा सुरक्षाको भावना उत्पन्न हुने । | + निर्वाचन सन्दर्भमा पहिलो हुनेले जित्ने प्रणालीमा जस्तो उपनिर्वाचन गर्न सकिंदैन । |
| + समानुपातिक प्रतिनिधित्व प्रणालीमा सबै मतको उपयोग हुने अर्थात कुनै पनि मत खेर नजाने । | + शासन/प्रशासन संयन्त्रमा योग्यता प्रणालीलाई पूर्ण कार्यान्वयमा ल्याउन नसकिने । |

**समानुपातिक प्रतिनिधित्व प्रणालीका प्रकार**

विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व गराउन अवलम्वन गरिने समानुपातिक प्रतिनिधित्व प्रणालीलाई निर्वाचन सन्दर्भबाट हेर्दा मूलतः देहाय बमोजिम २ प्रकारको हुन्छ ।




**(क) सूची समानुपातिक प्रणाली (List Proportional Representation System)** – यस निर्वाचन प्रणाली अनुसार राजनीतिक दलहरूले उम्मेदवारहरूको एकीकृत सूची सिंगो निर्वाचन क्षेत्रको लागि प्रस्तुत गर्दछन् । मतदाताले दल/निर्वाचन एकाईको नाममा मत दिन्छन्, भने निर्वाचन एकाईहरुले प्राप्त मतको अनुपातमा विधायिकी अंगमा प्रतिनिधित्व प्राप्त गर्दछन् । यस प्रणालीमा उम्मेदवारहरूको एकीकृत सूचीहरू बन्द, खुला तथा स्वतन्त्र कुनै प्रकारको हुनसक्दछ । यसमा कुनै राजनीति दलको उमेदवार/व्यक्तिलाई मत नहाली निर्वाचन दल एकाईलाई मतदान गरिन्छ र सदर मतको हिस्साअनुसार दलले स्थान प्राप्त गर्दछन् । समानुपातिक प्रतिनिधित्व प्रणाली आफैमा जटिल निर्वाचन प्रणाली भएतापनि यस प्रणाली अन्तर्गतको सूची समानुपातिक प्रणालीलाई तुलनात्मक रुपमा सरल,कम खर्चिलो, सहभागितामूलक, अल्पमतको कदर हुने, व्यक्तिगत खर्च नहुने र व्यवस्थापनमा सरल हुने निर्वाचन प्रणालीका रुपमा लिने गरेको पाईन्छ । स्वतन्त्र उमेदवारको अस्तित्व नरहने, व्यक्तिगत स्वतन्त्रताको हनन, निर्वाचनमा दलिय नियन्त्रण, ठूलो देशका लागि अव्यवहारिक, दलिय निरंकुशता बढ्दै जाने, मतदाता र जनप्रतिनिधि बीच निकट सम्बन्धको अभाव जस्ता विषय यस प्रणालीका दुर्वल पक्षका रुपमा रहेको पाईन्छ ।

**(ख) एकल संक्रमणीय मत प्रणाली (Single Transferable Voting System)** - प्राथमिकताका आधारमा मत दिने प्रणालीको रुपमा रहेको यस प्रणालीमा बहुसदस्यीय निर्वाचन क्षेत्रका उम्मेदवारहरूको क्रम निर्धारण गरी मतदान गरिन्छ । बढी मत ल्याउने क्रमशः विजय घोषित गरिन्छ भने कम मत प्राप्त गर्ने उम्मेदवारहरू क्रमशः सूचीबाट हटाइन्छ । बढीमत ल्याउने र कममत ल्याउने उम्मेदवारको मतको किटान गरिने यस प्रणालीमा खास कोटा पार गर्ने उम्मेदवारले विजय हासिल गर्दछ । कोटा निम्न सूत्रको आधारमा तय गरिन्छ –

$$\text{कोटा} = \frac{\text{कुल मत}}{\text{निर्वाचन सिट} + १} + १$$

Question Bank Nepal

**(६) कर्मचारीतन्त्रलाई कति प्रकारमा वर्गीकरण गरिएको पाईन्छ ? उल्लेख गर्दै नेपालको मौजुदा कर्मचारीतन्त्रलाई सुधार गर्न अपनाउनुपर्ने उपायहरु के देख्नुहुन्छ ? लेख्नुहोस् ।**

**कर्मचारीतन्त्रको प्रकार/वर्गीकरण**

कर्मचारीतन्त्रको प्रकारबारे चर्चा गर्दा समय, सन्दर्भ र समाजलाई मुख्य आधार बनाउने गरेको पाइन्छ । *Max Weber* ले कर्मचारीतन्त्रलाई अघि सारेपछि यसको आलोचना तथा समर्थन गर्ने क्रममा विद्वानहरुले आ-आफ्नै ढंगले कर्मचारीतन्त्रलाई वर्गीकरण गरेका छन् । जसमध्ये प्रमुख वर्गीकरणहरु तलको तालिकामा प्रस्तुत गर्दै *F.M. Marx & Merie Fainsod* ले गरेको कर्मचारीतन्त्रको वर्गीकरणबारे संक्षिप्तमा चर्चा गरिन्छ ।

| कर्मचारीतन्त्रको प्रकार/वर्गीकरण | |
|---|---|
| (A) F.M. Marx | Guardian Bureaucracy, Caste Bereaucracy, Partonage Bureaucracy & Merit Bureaucracy. |
| (B) Merie Fainsod | Representative Bureaucracy, Party State Bureaucracy, Military Dominated Bureaucracy, Ruler Dominated Bureaucracy & Rulling Bureaucracy. |
| (C) Gouldner | Mock Bureaucracy, Representative Bureaucracy & Punishment Centred Bureaucracy. |
| (D) Wiolloughby | Bureaucratic Bureaucracy, Aristrocratic Bureaucracy & Democratic Bureaucracy. |
| (E) Modern Classification | Neutral Bureaucracy, Ommitted Bureaucracy, Corporate Bureaucracy & Inclusive Bureaucracy. |

F.M. Marx ले ४ प्रकारका कर्मचारीतन्त्र (Guardian Bureaucracy, Caste Bereaucracy, Partonage Bureaucracy & Merit Bureaucracy) बारेमा चर्चा गरेको पाईन्छ । जुन वर्गीकरणमा परेका कर्मचारीतन्त्रका प्रकारबारे तल संक्षिप्तमा चर्चा गरिन्छ ।

**(A) Guardian Bureaucracy -** आफूलाई जनहितको संरक्षक सम्झने र जनताको भावनाको वास्ता नगर्ने प्रवृत्तिको कर्मचारीतन्त्रलाई अभिभावक कर्मचारीतन्त्रको चरित्रको रुपमा लिनुपर्ने **F.M. Marx** को मत रहेको पाईन्छ । यस्तो कर्मचारीतन्त्र एकातिर नैतिक दृष्टिले उपयुक्त, भद्र हुने वा नबिग्रिने वा भ्रष्टाचारमुक्त, मितव्ययी, योग्य वा असल र लोकहितकारी वा दयालु मानिन्छ भने अर्कोतिर निरंकुश प्रकृतिको जनताप्रति सहानुभूतिशील भएर पनि जनमत प्रति उदासिन हुने खालको हुन्छ भन्ने विश्वास गरिन्छ । सन् ९६० भन्दा अघिको चिनीयाँ सुङ्वंशको शासन युग र सन् १६४० देखि १७४०को अवधिको पर्सियन निजामती सेवालाई Marx ले अभिभावक कर्मचारीतन्त्रको उदाहरणको रुपमा औंल्याएका छन् ।

**(B) Caste Bereaucracy -** Marx ले केवल माथिका/संभ्रान्त जात वा वर्गका मानिसले ठूला र महत्वपूर्ण पदहरु प्राप्त गर्ने कर्मचारीतन्त्रलाई जातीय कर्मचारीतन्त्र भनेका छन् । यस्तो कर्मचारीतन्त्रमा राज्यशक्ति प्राप्त शासक वर्गहरुसँगको व्यक्तिगत वा पारिवारिक सम्बन्ध आभारमा महत्वपूर्ण पदहरु प्राप्ति हुने गर्दछ । यस्तो कर्मचारीतन्त्रलाई जहाँनिया कर्मचारीतन्त्रको रुपमा पनि लिन सकिन्छ । राणा शासनकालमा उच्च तहका पदमा राणा वंशका मानिसहरु मात्र पुग्ने गरेको इतिहासले त्यसबेलाको कर्मचारीतन्त्रमा यस प्रकारको कर्मचारीतन्त्रका विशेषताहरु रहेको पाईन्छ ।

**(C) Partonage Bureaucracy -** कर्मचारीको नियुक्ति उम्मेदवारको सापेक्षित योग्यताको आधारमा नभएर नियुक्ति दिने र नियुक्त हुन चाहनेको बीचमा रहेको राजनीति वा व्यक्तिगत सम्बन्धको आधारमा हुने कर्मचारीतन्त्रलाई संरक्षक कर्मचारीतन्त्र भनिन्छ । संयुक्त राज्य अमेरिकालाई यस प्रणालीको उद्गमस्थलको रुपमा लिइन्छ । अमेरिकामा नयाँ राष्ट्रपति चुनिने बित्तिकै उनले आफूलाई चुनावमा सहयोग गर्ने र आफ्नो कार्यक्रमलाई आत्मसात गरेका व्यक्तिहरुलाई प्रमुख प्रशासनिक पदहरुमा नियुक्त गर्ने प्रथा संरक्षक कर्मचारीतन्त्रको उदाहरण हो । आफूलाई नियुक्त गर्ने संरक्षकको पदावधि सकिए पश्चात वा उसले अर्को चुनाव हारेमा यी कर्मचारीहरु पनि पदबाट हट्दछन् । अमेरिकाले गारफिल्ड हत्याकाण्ड पछि यस्तो

Question Bank Nepal

कर्मचारीतन्त्रको अन्त्य गर्दै योग्यतामुलक कर्मचारीतन्त्रको शुरुवात गरेको हो ।

**(E) Merit Bureaucracy -** योग्यताको आधारमा कर्मचारीको छनौट हुने कर्मचारीतन्त्रलाई योग्यतामूलक कर्मचारीतन्त्र भनिन्छ । अर्थात् यो केवल योग्यताको आधारमा कर्मचारीहरुको नियुक्त भई वृत्ति विकासका अवसरहरु पनि योग्यताको आधारमा नै प्राप्त हुने कर्मचारीतन्त्र हो । बेलायतमा नर्थकोट ट्रेभिलियन रिपोर्ट १९५३ को कार्यान्वयन पश्चात अमेरिकामा निजामती सेवा ऐन, १८८३ पश्चात र नेपालमा वि.स. २००७ सालमा राणा शासनको समाप्ती पश्चात् यस्तो कर्मचारीतन्त्र शुरु भएको हो । आजको युगमा सबैभन्दा बढी प्रचलित र उपर्युक्त कर्मचारीतन्त्रको स्वरुपका रुपमा योग्यतामुलक कर्मचारीतन्त्रलाई नै लिने गरिन्छ ।

***Merie Fainsod*** ले ५ प्रकारका कर्मचारीतन्त्र (Representative Bureaucracy, Party State Bureaucracy, Military Dominated Bureaucracy, Ruler Dominated Bureaucracy & Rulling Bureaucracy) बारेमा चर्चा गरेको पाईन्छ । जुन वर्गीकरणमा परेका कर्मचारीतन्त्रका प्रकारबारे तल संक्षिप्तमा चर्चा गरिन्छ ।

**(A) Representative Bureaucracy –** लोकतान्त्रिक प्रणालीबाट चुनिई जनताको समर्थन प्राप्त गरेको सरकार अर्थात् जनप्रतिनिधिमुलक सरकारप्रति प्रतिनिधिमूलक कर्मचारीतन्त्र उत्तरदायी हुन्छ । आजकाल देशको विविधतालाई प्रतिनिधित्व गर्ने कर्मचारीतन्त्रलाई यस वर्गको मानिन्छ । यस्तो कर्मचारीतन्त्रलाई लोकतन्त्रको एउटा आधारभूत तत्वको रुपमा पनि लिने गरिन्छ ।

**(B) Party State Bureaucracy -** एक पार्टीलाई मात्र मान्यता दिने अन्य विरोधी राजनीतिक शक्ति अमान्य हुने एकदलीय शासन व्यवस्थाको कर्मचारीतन्त्र एक पार्टी कर्मचारीतन्त्र अन्तर्गत पर्दछ । यस्तो सार्वजनिक कर्मचारीतन्त्र पार्टीको पूर्ण नियन्त्रणमा हुन्छ । शासनको बागडोर समाएको पार्टीप्रति वफादार व्यक्तिले नै कर्मचारीतन्त्रमा अवसर पाउँछन् । कुनै निकायले कुनै पनि कर्मचारीलाई बर्खास्त गर्न सक्छ । चीनको कर्मचारीतन्त्रलाई यस प्रकारको कर्मचारीतन्त्रको रुपमा लिन सकिन्छ ।

**(C) Military Dominated Bureaucracy -** सैनिक शासन लागू भएको वा राज्यको शासनमा सैनिकहरुको दवृदवा रहेको मुलुकको कर्मचारीतन्त्रलाई सैनिक प्रधान्य कर्मचारीतन्त्रका रुपमा लिईन्छ । यस्ता मुलुकहरुमा निजामती सेवाका उच्च पदहरु समेत सैनिक नियन्त्रणमा रहन्छन् साथै महत्वपूर्ण निजामती पदहरुमा समेत सैनिकद्वारा आफ्ना प्रतिनिधि प्रतिस्थापित गरिरहेका हुन्छन् । यस्ता प्रतिनिधिबाट राज्यको (गैर सैनिक) कर्मचारीतन्त्र निर्देशित हुन्छ । सैनिक शासन लागू भएको हालको म्यानमारमा यस्तो कर्मचारीतन्त्र रहेको छ ।

**(D) Ruler Dominated Bureaucracy-** मुलुकमा निरंकुश शासन भएको अवस्थामा शासक नियन्त्रित कर्मचारीतन्त्रको उदय हुन्छ । यस्तो कर्मचारीतन्त्र भएको मुलुकमा तानाशाही शक्तिहरु कर्मचारीलाई हतियार बनाएर आफ्नो उद्देश्य पूरा गर्ने गर्दछन् । फिलिपिन्समा मार्कोस तथा युगाण्डाका इदि अमिनको शासनकालको कर्मचारीतन्त्रलाई यसको उदाहरणको रुपमा लिइन्छ ।

**(E) Rulling Bureaucracy –** शासकका प्रतिनिधिहरुका रुपमा कर्मचारीहरु नै प्रमुख शासक भई कार्य गर्ने उपनिवेशवादी शासन व्यवस्थामा यस्तो कर्मचारीतन्त्र रहन्छ । स्वतन्त्रता प्राप्ति भन्दा अगाडि छिमेकी मुलुक भारत लगायतका बेलायती उपनिवेशहरुमा यस्तै कर्मचारीतन्त्रले शासन गर्दथे ।

**नेपालको कर्मचारीतन्त्रलाई सुधार गर्न अपनाउनुपर्ने उपायहरु**

सर्वत्र आलोचना खेपिरहेको नेपालको वर्तमान कर्मचारीतन्त्रलाई सुधार गर्नु आजको आवश्यकता बनिसकेको छ । तथापी कर्मचारीतन्त्रलाई सुधार गर्ने कुरा सामान्य एवं सहज विषय भने होईन । विकल्प विहिन कर्मचारीतन्त्र अर्थात् कर्मचारीतन्त्रको विकल्प सुधारिएको कर्मचारीतन्त्र मात्र हुन सक्दछ भन्ने यथार्थतालाई मनन गर्दै नेपालको कर्मचारीतन्त्रलाई सुधार गर्न निम्नानुसारका उपायहरु अपनाउन सकेमा भने पक्कै पनि नेपालको कर्मचारीतन्त्र सुधारिएको कर्मचारीतन्त्रका रुपमा उदय हुन सक्ने कुरामा भने दुई मत हुन सकिदैन ।

- ★ राजनीति र प्रशासन वीचको सम्बन्ध र सीमा सम्बन्धि स्पष्ट कानूनी व्यवस्था गरेको छुट्टै विशेष कानून तर्जुमा गरी लागु गर्नुपर्दछ । जसले गर्दा कर्मचारीतन्त्रमा अनावश्यक राजनीतिक दवाव नपरोस् ।
- ★ कर्मचारीहरुले आफ्नो परिवारको सामान्य जीवनयापन निजहरुलाई उपलब्ध गराईने पारिश्रमिकबाट गुजारा गर्न सक्ने गरी पारिश्रमिकको व्यवस्था गर्ने, जसले गर्दा

Question Bank Nepal

सामान्य जीवनयापनका लागि पनि कर्मचारीले भ्रष्टाचारजन्य कार्य गर्नै नपरोस् ।

★ Economy - Effectivenss - Efficiency - Equity जस्ता व्यवस्थापकीय सिद्धान्तका आधारमा निजामती कर्मचारीको कार्यसम्पादन गर्न जोड दिने ।

★ Flat संगठनको निर्माण गरी निर्णयका तहहरु घटाउने, कार्यविधि सरल बनाउने तथा प्रतिफलमा जोड दिने ।

★ सरकारी कार्यालयहरुको भौतिक वातावरण सुधार गर्दै सहभागितामुलक निर्णय प्रक्रियामा जोड दिने ।

★ सिमित स्वार्थका लागि निजामती कर्मचारी सम्बन्धि ऐन-कानूनहरुमा गरिदै आएको संशोधन परिपाटी तत्काल बन्द गरी ऐन-कानूनका प्रावधानहरुमा आम कर्मचारीको हितमा हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

★ 3D (Deregulation - Decontrol - Decentralisation) जस्ता उपायहरु अवलम्बन गरी सरकारको कार्यक्षेत्र घटाउने ।

★ सबै सरकारी कार्यालयहरुमा सार्वजनिक सेवा वडापत्र लागु गरी सो वडापत्रलाई कडाईका साथ लागु गर्दै सेवाप्रदायक-सेवाग्राही सम्बन्ध व्यवस्थापन गर्ने ।

★ व्यवस्थापनमुखी संस्कृति र पेसागत संस्कारको विकास गर्दै पूर्णवृत्त (३६० डिग्री) मूल्यांकन प्रणालीमा जोड दिने ।

★ 3M (More autonomy - More resource - More accountability) को अवलम्बन गरी सक्षम संस्थाहरुको निर्माण गरी एएए मा जोड दिई व्यवस्थापन शैलीमा सुधार गर्ने ।

★ निजी क्षेत्रबाट सिक्न सकिने राम्रा कुराहरु जस्तोकी Lower price, Greater choice, Better perform, Better choice लाई सार्वजनिक प्रशासनमा भित्र्याउने आदि ।

**(७) नेपालमा सार्वजनिक नीतिका कमजोरी वा सीमाहरु के के देख्नुहुन्छ ? उल्लेख गर्दै सार्वजनिक नीति सम्बन्धी समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्नुहोस् ।**

**नेपालमा सार्वजनिक नीतिका कमजोरी वा सीमाहरु**

कुनै पनि राष्ट्रको सरकार वा त्यसका अंगहरुको समाजका सामु देखिएका समस्या समाधानका लागि चालिने कदम र लिने रणनीति नै बृहत अर्थमा सार्वजनिक नीति हो जसले राज्यका समग्र वर्ग वा समुदायका इच्छा र चासो प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रतिनिधित्व गर्नुको साथसाथै असर एवम् प्रभाव पनि पार्दछ । यस्तो राष्ट्रका सम्पूर्ण वर्ग एवम् समुदायको इच्छा एवम् आवश्यकताको प्रतिनिधित्व गर्ने सार्वजनिक नीतिको नेपालका सन्दर्भमा भने केही कमजोरीहरु रहेको पाइन्छ जसलाई मोटामोटी रुपमा निम्न बुँदाका माध्यमबाट व्यक्त गर्न सकिन्छ –

★ नीति समस्याको पहिचान गर्ने क्रममा नै सही सूचनाको अभाव, राजनीतिक पूर्वाग्रह, व्यक्तिगत एवम् समूहगत स्वार्थ, विषयवस्तुको अल्पज्ञान, गलत बुझाई र समस्या समाधानका विकल्पहरुको खोजी गर्ने क्षमताको अभावले गर्दा भाषागत अस्पष्टता, द्विविधायुक्त, विरोधाभाषपूर्ण, अव्यवहारिक तथा कार्यान्वयनमा लैजान असम्भव नीति उद्देश्य निर्धारण हुने ।

★ धेरैजसो सामाजिक समस्याहरुका सम्बन्धमा निर्माण गरिने नीतिको कार्यान्वयन उपलब्धी मूल्यांकनको वैज्ञानिक सूचकांक वा आधार स्पष्ट छैन । जस्तो सामाजिक अपराध नियन्त्रणको उपलब्धी मूल्यांकनमा अपराधको उजुरी दर्ताको आधार वा अभियुक्त पक्राउको आधार वा अभियोजनको आधार वा अपराधी ठहर गरेको आधारमध्ये कुन आधारमा सम्बन्धित नीतिको उपलब्धी मापन गर्ने हो सो स्पष्ट छैन ।

★ राजनीतिक अभिष्ट पूरा गर्ने सार्वजनिक पदाधिकारीको क्रियाकलाप र कर्मचारी प्रशासन संयन्त्रले भर्ने उपलब्धी विवरणमा एकरुपता नभएका कारण नीतिको प्रभावकारिता मूल्यांकनमा जटिलता देखा पर्ने गरेको छ ।

★ नीतिले लिएको लक्ष्य र उद्देश्य प्राप्तिको मापन गर्ने आधारहरु संलग्न गरी नीति निर्माण गर्ने कौशलताको अभाव रहेको छ ।

★ विभिन्न किसिमका समाजमा रहेका सार्वजनिक मूल्य र मान्यताहरुलाई नीतिमा समावेश गर्नेतर्फ प्रयत्न भएको पाइँदैन ।

★ राजनैतिक विचारधारका आधारमा विषयवस्तुको आँकलन गर्ने, सोही आधारमा विश्लेषण गर्ने र मूल्यांकनको उपलब्धी विवरणलाई आफ्नो दृष्टिकोणबाट व्याख्या गर्ने प्रचलन नै हाम्रो सार्वजनिक नीतिको मुख्य समस्याको रुपमा रहेको छ ।

★ सार्वजनिक नीतिको आवश्यकता र उपलब्धी सम्बन्धी कारण र आधार प्रस्ततु गर्ने विवरण एवम् तथ्यांक नै

Question Bank Nepal

गलत हुनुले सार्वजनिक नीतिको प्रभावकारितामा समस्या थपेको छ ।

- ★ अल्प विवरण वा सूचनाको आधारमा नै निष्कर्षमा पुग्ने प्रवृत्ति नै नीति मूल्यांकनको अर्को चुनौती हो ।
- ★ सार्वजनिक नीतिको कार्यान्वयनबाट सरकारको काममा बढोत्तरी हुनुका साथसाथै धेरै काम सम्पादन भएको देखिनुपर्दछ, जसले सरकारलाई जवाफदेही बनाउँछ भन्ने हो तर हामीकहाँ नतिजा मूल्यांकनमा लागतको आधार, संगठनात्मक प्रगति विवरण र सरकारको व्यस्तपन मात्र मूल्यांकनको आधार बन्ने गरेको छ ।
- ★ राजनीतिक नेतृत्व र प्रशासकीय नेतृत्वबीच भूमिका र जिम्मेवारीको विषयमा सामञ्जस्यता र सहकार्यात्मक सम्बन्ध कायम हुन नसक्नु तथा नीति लक्ष्य र उद्देश्यको प्राप्तिमा असफलताको कारण एकले अर्कोलाई दोषारोपण गर्नु नेपालको सार्वजनिक नीतिले भोग्नु परेको विवशता हो ।
- ★ क्षणिक लोकप्रियता, व्यक्तिगत स्वार्थ तथा दलीय इच्छालाई महत्व दिई यथार्थ आवश्यकता भन्दा बाहिर गई नीति निर्माण गर्ने राजनीतिक नेतृत्व र काम पन्छाउने, काममा आत्मविश्वासको अभाव, जवाफदेहिता र उत्तरदायित्वबोधको अभाव, व्यावसायिक तथा प्रतिबद्ध कर्मचारीतन्त्रको अभावका कारण नीति कागजमा सीमित हुन पुगको तीतो यथार्थ हाम्रा सामु छ ।
- ★ दातृ निकायको स्वार्थ बमोजिम नीति विपरितको शर्त स्वीकार गरी स्रोत जुटाउने अभ्यासले गर्दा नीतिले सुविधा दिन खोजेको वर्ग, नीतिले मूल प्रवाहीकरणमा ल्याउन खोजेको लक्षित समुदाय, नीति निर्माण र कार्यान्वयनको कार्यक्रमबाट बेखबर हुने स्थिति नेपालको सार्वजनिक नीतिको एक प्रमुख समस्या र चनौति हो ।

**सार्वजनिक नीति सम्बन्धी समस्या समाधानका लागि सुझाव**

नेपालमा सार्वजनिक नीति सम्बन्धी माथि उल्लेखित कमजोरी एवम् चुनौतीहरु रहेको पाईन्छ । ती कमजोरी एवम् चुनौतीहरुको समाधानका लागि निम्न उपायहरु अवलम्बन गर्न सकिन्छ :–

- ★ सरकारको कार्यक्षेत्र र प्राथमिकताका नीतिको पहिचान गरी शासकीय सुधार र सुशासन कार्यक्रम सञ्चालन गर्ने,
- ★ सरकार, नागरिक समाज र निजी क्षेत्रको सहकार्यमा सुधार एवम् वृद्धि गर्दै लैजानुपर्ने,
- ★ अन्तर्राष्ट्रिय सहयोग र सहकार्यलाई विश्वासमा लिई आत्मनिर्भर अर्थतन्त्र र पूँजी निर्माणको क्षेत्रमा सहयोग लिने रणनीति अख्तियार गर्नुपर्ने,
- ★ जनसहभागितामा आधारित नीति निर्माण गरी सोको पारदर्शितामा जोड दिनुपर्ने,
- ★ सकारात्मक सहभागिता र प्रतिफलका लागि नीतिको वकालत, सहभागितामूलक अनुगमन प्रणालीको विकास गर्नुपर्ने,
- ★ सार्वजनिक नीति निर्माणमा सहभागी हुने निकायहरु जस्तै : प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग, मन्त्रालय, संवैधानिक अंगहरु आदि निकायले नीति निर्माणमा क्षमता विकासमा ध्यान दिनुपर्ने र विशेषज्ञको सुझाव लिई नीति निर्माण गर्ने परिपाटीको विकास गर्नुपर्ने,
- ★ संस्थागत क्षमता विकासका लागि निर्णय लिइने तह (प्रधानमन्त्रीको कार्यालय) मा नीति निर्माण सम्बन्धी संयन्त्रको विकास गर्नुपर्ने,
- ★ नीति अनुगमन तथा मूल्यांकनलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाई, मूल्यांकनकर्तालाई तालिम, प्रशिक्षण, लेखाजोखा गर्ने वैज्ञानिक मापदण्ड र सूचकांकको विकास गर्नुपर्ने,
- ★ राजनीतिक नेतृत्व र प्रशासनिक निकायमा आबद्ध पदाधिकारीहरुको भूमिका, समन्वय र सहकार्यलाई बढावा दिई राष्ट्रिय लक्ष्य पूरा गर्ने एउटै उद्देश्यका लागि जुटेको अनुभूति गराउने आदि ।

निष्कर्षमा कुनै पनि सरकारको नीतिलाई सरकार र जनताबीचको सम्बन्ध सेतुका रुपमा पनि लिइन्छ । तर नेपालको सन्दर्भमा भने घोषित नीतिले तय गरेको लक्ष्य तथा उद्देश्यहरु माथि उल्लेखित कारणहरुले सम्पन्न हुन सकेको पाइँदैन । त्यसैले राजनीतिक नेतृत्वले आफ्नो दलीय एवम् व्यक्तिगत स्वार्थबाट माथि उठेर देश र समाजको वास्तविक आवश्यकतालाई मध्यनजर राख्दै स्पष्ट नीति निर्माण गर्ने र त्यसको कार्यान्वयनमा प्रशासनिक संयन्त्र पनि इमानदार एवम् कसैको दबाब र प्रभावबाट मुक्त रही कार्य गर्ने संस्कृतिको विकास गर्न सकेमा सार्वजनिक नीति प्रति जनताको विश्वास एवम् अपनत्व बढ्नुको साथै देशले विकासको बाटो लिने आश गर्न सकिन्छ ।



Question Bank Nepal

**(८) नेपालको आवधिक विकास योजना तर्जुमा गर्ने निकाय राष्ट्रिय योजना आयोगको गठन कसरी गरिन्छ ? यस आयोगको काम, कर्तव्य र अधिकारबारे चर्चा गर्नुहोस् ।**

**राष्ट्रिय योजना आयोगको गठन**

राष्ट्रिय विकासको नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न नेपाल सरकारले गठन गर्ने आयोग नै राष्ट्रिय योजना आयोग हो । सदस्यको नियुक्ति गर्दा विधागत विज्ञता तथा समावेशीकरणको सिद्धान्तको अवलम्बन गरिने उक्त आयोगमा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरू रहने व्यवस्था रहेको छ :-

(क) प्रधानमन्त्री – अध्यक्ष
(ख) नेपाल सरकारबाट नियुक्त एक जना – उपाध्यक्ष
(ग) नेपाल सरकारबाट नियुक्त बढीमा सातजना – सदस्य
(घ) मुख्य सचिव, नेपाल सरकार – सदस्य
(ङ) सचिव, अर्थ मन्त्रालय – सदस्य
(च) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय – सदस्य-सचिव

राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र नेपाल सरकारबाट नियुक्ती हुने यस आयोगका सदस्यहरुले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्ने व्यवस्था छ । कुनै मान्यता प्राप्त विधामा स्नातकोत्तर उपाधि हासिल गरी योजना तथा अनुसन्धानका क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी विशिष्टता हासिल गरेको, नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहर नभएको, नियतवस बैंकको ऋण नतिरी प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको नेपाली नागरिक मात्र आयोगको उपाध्यक्ष वा सदस्यमा नियुक्त हुन सक्ने कानूनी व्यवस्था छ ।

**राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ अनुसार यस आयोगले मूलभूत रुपमा देहाय बमोजिमका काम, कर्तव्य र अधिकारको जिम्मेवारी प्राप्त गरेको पाइन्छ :-

★ राष्ट्रिय विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन राष्ट्रिय योजनाको तर्जुमा, अनुगमन र मूल्यांकन गर्ने,
★ राष्ट्रिय योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नका लागि उपयुक्त संरचना तथा संयन्त्रको निर्माण र विकास गर्ने,
★ राष्ट्रको समग्र आर्थिक एवं सामाजिक विकासका लागि क्षेत्रगत नीति तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने,
★ संविधान बमोजिम राज्यको निर्देशक सिद्धान्त तथा नीतिको अधीनमा रही सामाजिक न्यायको दृष्टिकोणबाट आम नागरिकलाई राष्ट्रको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुँच अभिवृद्धि गराउने गरी योजना तथा नीति तर्जुमा गर्ने,
★ आर्थिक, समाजिक विकासका समग्र पक्षको बारेमा तथ्याङ्क संकलन तथा प्रशोधन, अध्ययन, अनुसन्धान गरी वा गराई संप्रेषण गर्ने गराउने,
★ आर्थिक विकासको लागि आवश्यक पर्ने स्रोत र साधनको आकलन तथा परिचालन गर्ने,
★ राष्ट्रको समग्र विकासको लागि अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकारलाई सुझाब दिने,
★ मुलुकको सन्तुलित विकासका लागि क्षेत्रीय र स्थानीय विकासको नीति र रणनीति तर्जूमा गर्ने,
★ गरिवी निवारणको रणनीति तर्जुमा गरी निश्चित अवधि भित्र मुलुकबाट निरपेक्ष गरिवी अन्त्य गर्न कार्यक्रम सञ्चालन गर्ने,
★ विभिन्न विकास आयोजनाको कार्यान्वयन र प्रतिफलको समीक्षा गर्ने,
★ आवधिक योजनाअनुरुप वार्षिक विकास कार्यक्रम, लक्ष्य तथा प्राथमिकता निर्धारण गर्ने, अर्थ मन्त्रालयसँग समन्वय गरी वार्षिक विकास कार्यक्रमका लागि बजेट सीमा निर्धारण गर्ने,
★ क्षेत्रगत मन्त्रालय, सचिवालय, विभाग तथा निकायहरुले तयार गरेका योजनाको स्वीकृतिको लागि सहमति दिने र क्षेत्रगत नीति तर्जुमा गर्न सहयोग पुऱ्याई कार्यान्वयनको लागि सुझाव तथा निर्देशन दिने,
★ विभिन्न निकायबाट पेश भएको विकास आयोजनाको प्रस्तावको मूल्याङ्कन गरी आवश्यकता अनुसार स्वीकृत गर्ने,
★ स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,
★ प्राकृतिक स्रोतको दिगो तथा कुशल व्यवस्थापनको आवश्यक नीति तथा योजना बनाउने,
★ राष्ट्रको लागि आवश्यक मानव संसाधन विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गरी

Question Bank Nepal

क्षेत्रगत कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने वा गराउने,

★ राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्र तथा आयोजनाको पहिचान गरी निर्धारण गर्ने, प्रचलित कानूनमा तोकिए बमोजिम अन्य काम गर्ने ।

**(९) नेपालको सरकारी लेखापरीक्षणका आधारहरू के के हुन् ? सरकारी कार्यालयहरूको आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने निकाय (को.ले.नि.का. र म.ले.प.) को काम र कर्तव्य उल्लेख गर्नुहोस् ।**

**नेपालको सरकारी लेखापरीक्षणका आधारहरू**

| सरकारी लेखापरीक्षणका आधारहरू |
| --- |
| + नेपालको अन्तरिम संविधान, २०६३ |
| + आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०५६ |
| + लेखापरीक्षण मापदण्ड |
| + स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ |
| + दातृसंस्थाबीच भएको सम्झौताहरू |
| + लेखापरीक्षण ऐन, २०४८ |
| + स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ |
| + सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ |
| + भ्रमण खर्च नियमावली,२०६४ |
| + नेपाल सरकार र अर्थ मन्त्रालयको निर्णय एवं परिपत्रहरू |
| + सम्बन्धित संस्था विशेषका ऐन, कानुन, नीति, नियम, आदेश, संगठन प्रणाली, कार्यप्रणाली र निर्णयहरू |

**सरकारी कार्यालयहरूको आन्तरिक लेखापरीक्षण गर्ने निकाय**

नेपालका सरकारी कार्यालयहरूको आन्तरिक लेखापरीक्षण गर्ने निकाय अर्थ मंत्रालय अन्तर्गत विभागस्तरीय महालेखा नियन्त्रक कार्यालय अन्तर्गत हरेक जिल्लाहरूमा रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू हुन् । हरेक जिल्लामा रहेका यी कार्यालयहरूले आफ्नो क्षेत्राधिकार अन्तर्गका सरकारी कार्यालयको आन्तरीक लेखा परीक्षण गर्ने गर्दछन् । आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद १२ दफा १०७ मा को.ले.नि.का. को काम र को कर्तव्य उल्लेख गरिएको छ । जस अनुसार यस नियमावलीमा अन्यत्र उल्लेख भएको काम र कर्तव्य अतिरिक्त कोष तथा लेखा नियन्त्रक कार्यालयको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुने देखिन्छ –

(क) आफ्नो इलाकाभित्र रहेको आर्थिक कारोवार गर्ने कार्यालयहरूको लगत तयार गरी महालेखा नियन्त्रक कार्यालयको परामर्शमा कार्यालय संकेत नम्बर दिई सोको लागत अद्यावधिक रूपमा राख्ने ।

(ख) महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रूपमा जिल्लाका कार्यालयको आर्थिक कारोवारको रेखदेख निरीक्षण गर्ने, कार्यालयहरूलाई महालेखा नियन्त्रक कार्यालयको नीति, निर्देशन र प्रचलित कानूनको अधीनमा रही राय सल्लाह दिने ।

(ग) कार्यालयवाट विनियोजन, राजस्व र धरौटी रकमको आम्दानी र खर्चको मांस्केवारी लिई त्यसको जिल्लागत मास्केवारी तयार गरी म.ले.नि.का. मा पठाउने ।

(घ) जिल्ला स्थित सरकारी कार्यालयहरू लगायत महालेखा नियन्त्रक कार्यालयले तोकि दिएको वा अन्य प्रचलित कानून वा नेपाल सरकारको निर्णयवाट कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्ने गरी तोकिएकोमा त्यस्ता निकायहरू समेतको राजस्व, विनियोजन, धरौटी, जिन्सी र प्रचलित कानूनबमोजिम खडा भएको कार्य सञ्चालन कोषको आन्तरिक लेखापरीक्षण गर्ने ।

(ङ) यस नियमावलीवमोजिम कार्यालयलाई दिएको अख्तियारी र बजेट बाँडफाँडवमोजिम निकासा दिने रकमको कार्यालयगत गोश्वरा लेखा राख्ने, निकासा दिने र निकासा दिइएको रकमको विवरण वैंकवाट प्रमाणित गराई म.ले.नि.का. मा पठाउने ।

(च) साल तमाम भएपछि कार्यालयहरूलाई दिएको निकासा रकमको वार्षिक आर्थिक विवरण वनाई म.ले.नि.का. र सम्वन्धित कार्यालयको तालुक विभागमा पठाउने ।

(छ) कार्यालयहरूले आर्थिक वर्षको अन्तमा वाँकी रहेको विनियोजन रकम सञ्चित कोष दाखिल गरे वा नगरेको जाँच गर्ने र नगरेको भए दाखिला गराउने ।

(ज) राजस्व लेखा र दाखिला तथा धरौटी लेखा फर्ट्यौट सम्वन्धमा आवश्यकतानुसार कार्यालयको निरीक्षण गरी सोको प्रतिवेदन म.ले.नि.का. मा र सम्वन्धित कार्यालयको तालुक विभागमा पठाउने र तत्सम्वन्धमा प्राप्त निर्देशन-वमोजिम गर्ने ।

(झ) विनियोजन लेखा, तहविल मौज्दात र वेरुजु फछ्र्यौट सम्वन्धमा कार्यालयहरूको निरीक्षण गरी निरीक्षण प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा र सम्वन्धित कार्यालयको तालुक विभागमा पठाउने र तत्सम्वन्धमा महालेखा नियन्त्रक कार्यालयवाट प्राप्त निर्देशनवमोजिम गर्ने ।

(ञ) कार्यालयहरूको निरीक्षण गर्दा श्रेस्ता दुरुस्त नरहेको वा हिमामिना भएको वा पेस गर्नुपर्ने प्रतिवेदनहरू नियमित रूपमा पेस नगरेको वा यस नियमावलीवमोजिम गर्नुपर्ने

Question Bank Nepal

अन्य काम नगरेको पाइएमा कार्यालयको बैंक खाता रोक्का गरी तालुक कार्यालयमा जानकारी दिने ।

(ट) म.ले.नि.का.ले समय-समयमा तोकिदिएका अन्य कार्यहरू गर्ने ।

**सरकारी कार्यालयहरूको अन्तिम लेखापरीक्षण गर्ने निकाय**

नेपालमा सरकारी निकायको अन्तिम लेखापरीक्षण गर्न महालेखा परिक्षकको संवैधानिक व्यवस्था गरिएको छ । यस निकायले वित्तीय लेखापरीक्षण र कार्यमुलक लेखापरीक्षण गरी दुई प्रकारले अन्तिम लेखापरीक्षण गर्ने गर्दछ । वर्तमान संविधानको धारा १२३ र १२४ अनुसार महालेखा परिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको पाईन्छ –

★ सर्वोच्च अदालत, संविधानसभा, सेना, प्रहरी, विभिन्न संवैधानिक निकाय लगायत सबै सरकारी कार्यालय र अदालतको लेखापरीक्षण गर्ने ।

★ सरकारी स्वामित्व (५० प्रतिशत शेयर वा जायजेथामा) को संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरिक्षक नियुक्ति गर्दा परामर्श दिने ।

★ सरकारी स्वामित्वको संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्वन्धमा आवश्यक निर्देशन दिने ।

★ लेखापरीक्षण कार्यको लागि सरकारी कार्यालयको लेखा सम्वन्धी कागजपत्र जुनसुकै वखत हेर्न पाउने अधिकार ।

★ लेखापरीक्षण गरिने लेखा सम्वन्धित कानूनको अधिनमा रही राख्न ढाँचा तोक्ने ।

★ कानूनमा व्यवस्था गरिएमा सरकारी कार्यालयको अतिरिक्त अन्य कार्यालय वा संस्थाको लेखा परीक्षण गर्ने ।

★ म.ले.प.वा सोका कर्मचारीले लेखापरीक्षण सन्दर्भमा माग गरेको जुनसुकै कागज तथा जानकारी उपलव्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने ।

★ म.ले.प. ले आफुले गरेको कामको वार्षिक प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गर्नुपर्ने ।

★ वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, वेरुजुको स्थिति, वेरुजु फछ्र्यौटको प्रयास, वेरुजु फछ्र्यौट सम्वन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्वन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्ने ।

★ महालेखापरिक्षकले प्रधानमन्त्री समक्ष पेश गरेको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीले व्यवस्थापिका संसद समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

**(१०) विकास योजना भन्नाले के बुझ्नुहुन्छ ? उल्लेख गर्दै नेपालमा विकास योजना तर्जुमाका आधारहरू तथा योजना तयारी गर्ने प्रक्रिया बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।**

**आवधिक विकास योजना/आर्थिक योजना**

राष्ट्रले कुनै निश्चित अवधिमा के-कस्ता विकासका कार्यहरू गर्ने भन्ने विषयमा तर्जुमा गरिने क्रमबद्ध बृहत् आर्थिक कार्यक्रम/आर्थिक योजना नै विकास योजना हो । अर्को शब्दमा भौतिक एवं मानवीय साधनको परिचालन गरी पूर्वनिर्धारित लक्ष्यलाई निश्चित अवधिमा प्राप्त गर्ने एक पूर्ण विकसित कार्य प्रणाली वा व्यवस्था हो ।

नेपालले पछिल्लो समयमा अवलम्बन गरेको तीन खम्बे अर्थनीतिले सरकारी, नीजि र सहकारी क्षेत्रलाई विकासका साझेदारको रुपमा अगाडी ल्याएको छ । तसर्थ नेपालको सन्दर्भमा भन्नु पर्दा यी तीनै क्षेत्रको सहभागीता एवं सहकार्य रहने गरी राष्ट्रिय योजना आयोगले मुलुकको आर्थिक विकासका लागी तर्जुमा गरेको क्रमबद्ध बृहत आर्थिक कार्यक्रमलाई नै विकास योजना भन्न सकिन्छ ।

विकास योजनामा राष्ट्रियस्तरबाट परिलक्षित नीति, निर्देशन र नियन्त्रणको सीमाभित्र रही सरकारी, निजी, सहकारी वा तीनै क्षेत्रको संयुक्त प्रयासमा तर्जुमा गरी कार्यान्वियन, अनुगमन तथा मूल्यांकन गर्दै प्राप्त नतिजाका आधारमा पृष्ठपोषणसमेत गरिन्छ ।

विश्वको योजनाबद्ध आर्थिक विकासको इतिहास त्यति पुरानो छैन । सर्वप्रथम तत्कालीन सोभियत रूसले सन् १९२८ मा "पापतिलेका" नामको पञ्चवर्षीय विकास योजना कार्यान्वयनमा ल्याएको थियो । हाम्रो सन्दर्भमा भन्नुपर्दा राणाकालको अन्त्यतिर आएका १५ वर्षे र २० वर्षे कागजी योजनालाई छोड्दा वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापश्चात् वि.सं. २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना तर्जुमा र कार्यान्वयन भएपछि मात्र योजनाको व्यावहारिक सुरुवात भएको पाइन्छ ।

| आर्थिक विकास योजनाका विशेषताहरू | सफल विकास योजनाका पूर्वावश्यकताहरू |
|---|---|
| ▫ केन्द्रीय योजना संयन्त्रबाट तर्जुमा | ▫ पूर्वयोजनाको यथार्थपरक समीक्षा |
| ▫ पूर्वनिर्धारित लक्ष्य तथा स्रोतसाधनको व्यवस्था | ▫ सम्बद्ध निकायबीच प्रभावकारी समन्वय |
| ▫ अनुशासित तथा चरणबद्ध कार्यको निरन्तरता | ▫ शुद्ध तथ्यांकीय आँकडा |

Question Bank Nepal

| | |
|---|---|
| ▫ आवधिक कार्यहरू समाविष्ट | ▫ राजनीतिक प्रतिबद्धता र प्रशासनिक दक्षता |
| ▫ विवेकपूर्ण तथा व्यापक कार्यक्रम | ▫ व्यापक जनसहभागिता |
| ▫ प्राथमिकताको निर्धारण र सोही अनुसार कार्यान्वयन | ▫ राष्ट्रिय आवश्यकतानुसारको विकास नीति |
| ▫ राष्ट्रिय विकास र सामाजिक भलाइको उद्देश्य | ▫ निजी सार्वजनिक साझेदारी (PPP) |
| ▫ राष्ट्रिय स्रोतसाधनको अनुमान र प्राथमिकताअनुसार बाँडफाँट परिचालन | ▫ सक्षम सांगठनिक संरचना |
| ▫ विद्यमान स्रोतसाधनको संकलन र समुचित प्रयोग तथा परिचालन | ▫ प्राविधिक जनशक्तिको उपलब्धता |

आर्थिक विकास योजनाका उद्देश्यहरू मूलतः तीन किसिमका हुन्छन्, जसमा आर्थिक उद्देश्य (गरिबीको अन्त्य, रोजगारी, सन्तुलित प्रादेशिक विकास, तीव्र आर्थिक वृद्धि, आत्मनिर्भरता, आर्थिक स्थिरता आदि), सामाजिक उद्देश्य ( समावेशीकरण, सामाजिक असमानताको अन्त्य, सामाजिक सुरक्षा, समाजकल्याण, सामाजिक विकास आदि) र राजनीतिक उद्देश्य (राजनीतिक स्थिरता, जनतन्त्र–जनजीविका, शान्ति कायम, प्रतिरक्षा शक्ति वृद्धि आदि) रहन्छन् ।

**योजना तर्जुमाका आधारहरू तथा योजना तयारी गर्ने प्रक्रिया**

विकासका लागि गरिने समय, श्रोत, साधन र कार्यक्रमबीचको सामञ्जस्य नै विकास योजना हो । योजनालाई "Cutting edge of development" पनि भनिन्छ । विकास योजनाका माध्यमबाट भविष्यमा गरिने कार्यहरूको बारेमा सचेततापूर्वक अग्रीम निर्णय लिने गरिन्छ । आवधिक विकास योजना एक छाता आधारभूत योजना हो । धेरै आयोजनाहरू मिलेर एक विकास योजना बनेको हुन्छ । योजनाको लक्ष्य प्राप्त गर्न आयोजनामा लगानी गर्नुपर्दछ । नेपालले हालसम्म १२ वटा आवधिक विकास योजना तर्जुमा र कार्यान्वयन गरिसकेको छ । नेपालमा निश्चित आधार तथा प्रकृया अवलम्बन गरी आवधिक विकास योजना तर्जुमा गरी लागु गर्ने गरिन्छ । विकास योजना तर्जुमाका ती आधारहरू तथा योजना तयारी गर्ने प्रक्रिया बुँदागत रुपमा तलको तालिकामा उल्लेख गरिएको छ :–

| नेपालमा योजना तर्जुमाका आधारहरू | नेपालमा योजना तयारी गर्ने प्रक्रिया |
|---|---|
| • राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वहरू | • चालु योजनाको मध्यावधिमा अवधारणा पत्र तयार गरिने |
| • घोषणा पत्र (सरकार, दस्तावेज, पार्टीका घोषणापत्र र प्रतिबद्धताहरू) | • अवधारणापत्र माथि विभिन्न सरोकारवाला बीच छलफल र सुझाव |
| • प्राथमिकता प्राप्त विषयहरू | • अवधारणापत्रलाई NPC ले स्वीकृत गर्ने, |
| • देशको राजनीतिक सामाजिक अवस्था | • स्वीकृत अवधारणापत्र राष्ट्रिय विकास परिषद (NDC) मा पेश गरिने |
| • जनताको चाहना, माग र आवश्यकता | • मन्त्रीपरिषद्बाट अवधारणा स्वीकृत हुने, |
| • आन्तरिक श्रोत साधन परिचलनको स्थिति | • NPC, NDC र Cabinet ले स्वीकृत गर्ने । |
| • विगत योजनामा भए गरेका उपलब्धीहरू | • अवधारणापत्रमा आधारित भएर NPC ले योजना तयार गर्ने |
| • वैदेशिक स्रोत–साधन र लगानी | |
| • राष्ट्रिय आय र उत्पादनको स्थिति | |
| • उत्पादन एवम् सेवाका गुणात्मक पक्ष | |

○○○

Question Bank Nepal

# तृतीय पत्र :- समसामयिक विषय
# Paper III – Contemporary Issues

## १. लोकसेवा आयोगद्वारा प्रस्तुत नमूना प्रश्नहरू र समाधान

### नमूना प्रश्नहरू

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

1. द्वन्द्वले सामाजिक एवं सांस्कृतिक रुपान्तरणमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावहरु उल्लेख गर्नुहोस् । (Mention the positive and negative effects of conflict in social and cultural trasformation?)
2. "भ्रष्टाचार सामाजिक न्याय तथा समानताको महान शत्रु हो ।" यस भनाईप्रतिको आफ्नो धारणा प्रष्ट पार्नुहोस् । "Corruption is the great enemy of social justice and equality." Clearly present your view in this regard.
3. "खाद्य सम्प्रभुता" को अवधारणा स्पष्ट पार्दै विकासोन्मुख मुलुकमा खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिमा देखिएका प्रमुख व्यवधानहरु उल्लेख गर्नुहोस् । (Clearly spell out the concept of "food sovereignty" and also mention the major hindrances of the healthy and convenient supply of food materials in developing countries.)

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

4. विकासोन्मुख मुलुकहरुको आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिका बारे विवेचना गर्नुहोस् । (Discuss the role of the co-operative sector in the economic development of developing nations.)
5. गरिबी र बेरोजगारीबीचको अन्तरसम्बन्ध प्रस्ट्याउँदै यी दुवैको न्यूनीकरणका प्रभावकारी उपायहरु उल्लेख गर्नुहोस् ।
   (Clearly present the interrelationship between poverty and unemployment and suggest the effective measures for minimizing both of them.)

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

6. मानव विकासका सूचकाङ्कहरु उल्लेख गर्नुहोस् । साथै सामाजिक आर्थिक विकासको साधन र साध्य मानव नै हो भन्ने भनाइलाई पुष्टि गर्नुहोस् । (Write down the human development indicators and also justify that human is both the means and ends of the social-economic development.)
7. शान्ति र द्वन्द सम्वेदनशील विकासका आधारभूत तत्वहरुको संक्षिप्त विवेचना गर्नुहोस् । (Briefly discuss the fundamental elements of peace and conflict sensitive development.)
8. समुदायमा आधारित विकासका प्रमुख विशेषताहरु औंल्याउँदै ग्रामीण विकासमा यस प्रकारको विकासको औचित्य उल्लेख गर्नुहोस् । (Identifying the main characteristics of community based development, justify the rationale of such kind of development in rural development.)

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

9. वातावरणीय ह्रासका प्रमुख कारकहरु औंल्याउँदै तिनको नियन्त्रणका प्रभावकारी उपायहरु उल्लेख गर्नुहोस् । (Identify the major factors responsible for environmental degradation and also mention the effective measures for their control.)
10. विपद् व्यवस्थापनको अर्थ उल्लेख गर्नुहोस् । विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन कुनकुन पक्षहरुमा ध्यान पुऱ्याउनु पर्ने ठान्नुहुन्छ ? आफ्नो धारणा लेख्नुहोस् । (Mention the meaning of disaster management. In your opinion, what factors should be taken in consideration to make disaster management effective?)

Question Bank Nepal

# नमूना प्रश्नको समाधान

## Section (A) - 10 Marks × 3 Questions = 30 Marks

**१. द्वन्द्वले सामाजिक एवं सांस्कृतिक रुपान्तरणमा पार्ने सकारात्मक तथा नकारात्मक प्रभावहरु उल्लेख गर्नुहोस् । (Mention the positive and negative effects of conflict in social and cultural trasformation?)**

सामान्य अर्थमा समाजमा रहेका दुई वा दुईभन्दा बढी पक्षहरू बीच हुने विवाद, मतभिन्नता, असहमती, वैमनस्यता एवं मनोमालिन्यतालाई द्वन्द्व भनिन्छ । द्वन्द्वले समाजमा विकास र विनास दुवै निम्त्याउन सक्दछ । कुनै पनि मुलुक एवं समाजको सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा द्वन्द्वले पार्ने प्रभाव एकै किसिमको नभई सकारात्मक एवं नकारात्मक दुवै किसिमको हुने गर्दछ । सामाजिक द्वन्द्वले सामाजिक एवं सांस्कृतिक रुपान्तरणमा पर्ने सकारात्मक तथा नकारात्मक प्रभावलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

**सकारात्मक प्रभाव (कुशल व्यवस्थापनबाट निस्कने परिणाम)**

★ द्वन्द्वको कूशल व्यवस्थापनले समाजमा परंम्परादेखि रहेका विकृति, विसंगतिहरू हटाउन मद्दत पुग्दछ ।

★ समाजमा रहेको जातीय, भाषिक, लैङ्गिक वा वर्गीय आधारमा हुने विभेद हटाउन पनि सामाजिक द्वन्द्वले सहयोग पुऱ्याउँछ ।

★ समाजमा परम्परादेखि चल्दै आएका अमानवीय कुसंस्कृतिहरूलाई समय सापेक्ष एवं मानवीय रुपमा रुपान्तरण गर्नमा सहयोग पुऱ्याउँदछ ।

★ द्वन्द्व परिवर्तनको संवाहक भएकोले समाजका उद्देश्यहरू, कार्यशैली एवं गतिविधिहरूलाई समयसापेक्ष परिमार्जित र परिष्कार गरी समाजलाई चुस्त बनाउन सहयोग पुग्दछ ।

★ सामाजिक सेवा र साधन स्रोतको समुचित उपयोग र न्यायोचित वितरणका लागि द्वन्द्वले सामाजिक दवाव सिर्जना गरी समानता कायम गर्न सहयोग पुऱ्याउँछ ।

★ समाजिक क्रियाकलापहमा समानुपातिक प्रतिनिधित्व, समावेशीकरण, सामूहिक निर्णय, सहभागितामा जोड दिन्छ ।

★ सामाजिक द्वन्द्वको कारण सामाजिक क्रियाकलापहरू पारदर्शी हुने र सामाजिक अगुवाहरूको जवाफदेहिता अभिवृद्धि हुने ।

★ समाजमा लामो समयसम्म गुम्सिएर रहेका समस्याहरु सतहमा ल्याई तिनको दीर्घकालीन समाधान मार्फत भविष्यमा काम गर्ने वातावरण सहज र सरल बनाउन सहयोग पुग्दछ ।

★ यसले समाजको निर्णय गर्ने क्षमतामा अभिवृद्धि गर्दै सक्षम सामाजिक नेतृत्वको विकास गराउँछ ।

★ समाजलाई जीवन्तता, गतिशिलता र स्फूर्ति प्रदान गर्दै अनेकतामा एकताको भावनालाई सबल बनाउँदै लैजान मद्दत गर्दछ ।

★ यसले गर्दा सामूहिक विचारको प्रतिनिधित्वमा जोड दिने हुनाले गलत निर्णय हुन पाउँदैन ।

★ सामाजिक विवाद तथा द्वन्द्वले समाजमा एकता र सन्तुष्टि बढाई साझा समस्या एवं साझा शत्रु विरुद्धमा समाजका सबै एक भएर लाग्न उत्प्रेरित समेत गर्दछ ।

**नकारात्मक प्रभाव (असफल व्यवस्थापले निस्कने परिणाम)**

★ सामाजिक द्वन्द्वका कारण समाजमा वैयक्तिक वा सामुहिक स्तरमा मतभेद/मनमुटाव भई सामाजिक क्रियाकलापमा सहयोग एवं सहकार्य हुन छाड्ने अवस्था सिर्जना हुनसक्ने ।

★ द्वन्द्वले समाजमा बस्ने व्यक्तिमा तनाव निराशा, लघुताभाष, द्धेष एवं अपराधवोध आदि उत्पन्न गर्ने हुँदा यसले समाजको उत्थानमा नकारात्मक असर पार्दछ ।

★ यसले सामाजिक एकता एवं सहिष्णुतामैत्री समाजलाई अस्थिरतामा धकेली शान्ति र सम्वृद्धि कायम गर्न अवरोध पुऱ्याउँछ ।

★ द्वन्द्वले आर्थिक विकासमा मात्र नभई मानव विकासमा समेत नकारात्मक असर पार्दछ ।

★ कुनै एक स्थानको सामान्य सामाजिक विवाद क्रमशः चुलिदै गई मुलुक भरीनै हिंसात्मक गतिविधि बढ्न सक्दछ ।

★ यसले समाजमा रहेका असक्षम वर्ग तथा अल्पसंख्यकहरू झन् पिडित र शोषित हुँदै जाने अवस्था सृजना हुनसक्छ ।

★ द्वन्द्वले अनेकतामा एकताको भावनालाई मार्दै जाँदा शान्ति सुरक्षा व्यवस्थापनमा गम्भिर चुनौती थपिदै जान्छ ।

★ समाजमा जातीय, धार्मिक, भाषिक, वर्गीय द्वन्द्व बढ्दै गएमा सामाजिक हिंसा भड्कदै गई धनजनको क्षति हुने अवस्था सृजना हुन्छ ।

Question Bank Nepal

★ यसले समाजमा जीउधनको असुरक्षा, पूर्वाधारहरूको विनास, विकास निर्माणमा अवरोध तथा विकृति र अपराधमा वृद्धि गर्दछ ।

★ सामाजिक विवाद तथा द्वन्द्वले राष्ट्रिय मान प्रतिस्ठामा आँच पुर्‍याई अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मानको अभिवृद्धिमा अवरोध पुर्‍याउँछ ।

निष्कर्षमा भन्नु पर्दा सामाजिक विवाद तथा द्वन्द्व विभिन्न विषयमा हुने असमानता, अपर्याप्तता, शोषण, अन्याय, अत्याचार जस्ता विविध कारणले गर्दा हुने गर्दछ । द्वन्द्व सामाजिक एवं सांस्कृतिक रुपान्तरणको सन्दर्भमा सकारात्मक र नकारात्मक दुवै किसिमका प्रभाव पार्ने अवसर र चुनौतीको रुपमा रहने हुनाले सदैव सकारात्मक नतिजा निष्कने गरी द्वन्द्वको उपयुक्त व्यवस्थापनमा जोड दिनु पर्दछ ।

**२. "भ्रष्टाचार सामाजिक न्याय तथा समानताको महान शत्रु हो ।" यस भनाईप्रतिको आफ्नो धारणा प्रष्ट पार्नुहोस् ।**
**("Corruption is the great enemy of social justice and equality." Clearly present your view in this regard.)**

*"सामाजिक न्याय तथा समानताको महान शत्रुको रुपमा भ्रष्टाचार"*

**सामाजिक न्याय (Social Justic)** - समाजमा बसोबास गर्ने नागरिकहरू बीच कायम रहेको आर्थिक र सामाजिक असमानता हटाई उपलब्ध स्रोत तथा साधनहरू एवं लाभ र हानीको समान हिस्सेदार गराई न्यायपूर्ण सामाजिक व्यवस्था स्थापनार्थ समान अवसर प्रदान गर्न राज्यद्वारा चालिने क्रियाकलाप लाई सामाजिक न्याय (Social Justic) भनिन्छ ।

**समानता (Equality)** - कुनै पनि नागरिकलाई जात, जाति, क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, यौनिक वा लैङ्गिक पहिचान, सामाजिक उत्पत्ति लगायतका कुनै वा सबै आधारमा भेदभाव नगर्नु नै समानता (Equality) हो ।

**भ्रष्टाचार (Corruption)** - सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो व्यक्तिगत स्वार्थ पूर्तिका लागि सार्वजनिक ओहदा र अधिकारको दुरुपयोग गर्नु नै भ्रष्टाचार (Corruption) हो जसले विधिको शासन, कानूनी कार्यप्रणाली एवम् सामाजिक नैतिकताको धज्जी उडाउँदछ ।

**"भ्रष्टाचार,सामाजिक न्याय र समानता" को सम्बन्ध**

समानता बिना सामाजिक न्यायको परिकल्पना गर्न सकिदैन, भने समानता विना कुनै पनि सभ्य समाजको अस्तित्व रहन सक्दैन । भ्रष्टाचार समाज एवं राज्य विरुद्धको एक भयावह संगठित अपराध हो । जसरी मानव समाजमा कुनै पनि सरुवा रोगको महामारीले समाजका सवै मानवलाई ध्वस्त पार्न सक्ने क्षमता राख्दछ । त्यस्तै गरी भ्रष्टाचारले पनि समाज एवं राज्यमा धनी एवं गरिव बीचको खाडल वृद्धि गर्दै, बेरोजगारीका समस्याहरू थप्दैं, विकास निर्माण कार्यलाई प्रतिफल शुन्य गराउँदै, सार्वजनिक सेवाप्रवाहलाई खर्चिलो एवं जटिल बनाउँदै अन्तत : हिंसा एवं द्वन्दमा फसाई दिन्छ । अर्थात् भ्रष्टाचारले समाजमा सामाजिक न्याय तथा समानता दुवैलाई मार्ने कार्य गर्दछ । त्यसैले "भ्रष्टाचार. सामाजिक न्याय तथा समानताको महान शत्रु हो ।" भन्ने गरिएको पाईन्छ । जुन भनाईसंग विमती राख्नु पर्ने कुनै ठाउँ छैन ।

सामाजिक न्याय तथा समानता कुनै पनि लोकतान्त्रिक सरकारको मूल लक्ष्य हो तर भ्रष्टाचारले लोकतन्त्रलाई नै आफ्नो जालोमा पार्ने हुँदा भ्रष्टाचार भएमा सामाजिक न्याय तथा समानताको अवस्था विलिन भएर जान्छ । भ्रष्टाचार कानूनी राज्य विरुद्धको अपराध भएकोले भ्रष्टाचार भएको समाज एवम् राष्ट्रमा कुनै पनि कार्य वधि एवम् प्रक्रियाका भरमा हुँदैन सम्पूर्ण प्रशासनिक एवम् राजनीतिक संयन्त्रलाई नै भ्रष्टाचारले गाँजेको हुनाले अधिकार प्राप्त व्यक्तिले स्वविवेकीय तरिकाले कार्य गर्दछ जसले गर्दा आफ्नो हित एवम् स्वार्थ सिद्ध हुने कार्यबाहेक प्रशासन तथा राजनीतिक संयन्त्रले कुनै कार्य गर्दैन ।

भ्रष्टाचार सदाचारको विपरित भएकोले यसले सरकारका कुनै पनि काम कारबाहीलाई लोककल्याणकारी एवम् समन्यायिक तरिकाले सम्पादन हुँने दिँदैन जसले गर्दा राज्य संयन्त्रसँग आफ्नो पहुँच नभएका जनताले कुनै पनि किसिमको सेवा सुविधा प्राप्त गर्न सक्दैनन् । भ्रष्टाचारले गर्दा पैसा भएका मानिसले/समूहले राज्यको प्रशासनिक एवं राज्य संयन्त्रलाई आफ्नो वशमा पारी आफ्नो स्वार्थ अनुरुपका मात्र कार्य सञ्चालन गराउँदछन् जसले गर्दा समाजमा असमानताको सिर्जना हुन्छ ।

भ्रष्टाचार व्याप्त समाजमा धनी वर्गको इज्जत एवं शक्ति हुनाले सम्पूर्ण व्यक्तिहरू धनी बन्ने होडमा लाग्ने र समाजमा सामाजिक अपराधमा वृद्धि हुन गई सामाजिक विश्रृंखलताको जन्म हुन जान्छ । सामाजिक न्यायले राज्यको स्रोत साधनको समुचित वितरण तथा पुर्नवितरणमा जोड दिन्छ तर भ्रष्टाचारले गर्दा राज्यको स्रोत साधनमाथि सीमित व्यक्ति एवम् समुदायको पहुँच रहन्छ जसले गर्दा राज्यको स्रोत साधनको समन्यायिक वातावरणको सिर्जना हुन सक्दैन । फलस्वरुप समाजमा असमानताको सिर्जना हुन जान्छ ।

Question Bank Nepal

सामाजिक न्याय र समानताले देशका विपन्न तथा पिछडिएका वर्गलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याई राज्यका स्रोत साधनमाथि उनीहरूको पहुँच, उपभोग, नियन्त्रणमा समानता र न्याय स्थापना गर्ने कुरामा जोड दिन्छ । तर भ्रष्टाचारले राजनीतिक एवं प्रशासनिक संयन्त्रलाई लोक कल्याणकारी कार्यका लागि स्रोत साधनको उपयोग हुनमा बाधा सिर्जना गर्दछ/ रोकावट ल्याउँछ जसले गर्दा पिछडिएको वर्ग एवं समुदायले राज्यले प्रवाह गर्ने सेवा सुविधाबाट समेत बञ्चित हुनु पर्दछ ।

सामाजिक न्यायले समाजमा रहेका सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाउने कुरामा जोड दिन्छ तर भ्रष्टाचारले राज्यको स्रोत साधनमाथि सीमित समूहको पहुँच तथा दुरुपयोग हुन गई समाजमा विद्यमान असमानता झन् झन् बढ्दै जान्छ । भ्रष्टाचार भएमा सर्वसाधारण जनताहरू सधैं श्रम गर्न बाध्य हुन्छन् तर आफ्नो श्रमको यथोचित मूल्य कहिल्यै प्राप्त गर्न सक्दैनन् त्यसैले उनीहरू सदैव राज्यको असमान व्यवहारबाट पीडित भइरहनु पर्दछ ।

भ्रष्टाचार सामाजिक नैतिकता विरुद्धको अपराध भएकोले यसले समाजमा सामाजिक असुरक्षा, विश्रृंखलताको अवस्था सिर्जना गराउँदछ जुन कुरा निश्चित सीमा भन्दा माथि पुगेपछि सामाजिक हिंसाको रुप लिन जान्छ । जसले गर्दा राष्ट्रले ठूलो क्षति व्यहोर्नु पर्ने हुन्छ । त्यसैले भ्रष्टाचार समाज एवम् राष्ट्र विरुद्धको जघन्य अपराध हो । यसले कानूनी सदाचार, सामाजिक नैतिकता एवं शान्ति, सुव्यवस्था खलल पुऱ्याई राज्यको स्रोत साधनमाथि सीमित समूहको हालिमुहाली कायम हुन गई सामाजिक न्याय र समानतामा नै व्यवधान सिर्जना गर्दछ ।

तसर्थ सामाजिक न्याय तथा समानताको महान शत्रुको रुपमा रहेको भ्रष्टाचार विरुद्ध समाजको सम्पूर्ण सदस्यहरू एक जुट भई लाग्नु पर्दछ । भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता अपनाई समाजमा भ्रष्टाचार नामक संक्रामक रोग फैलाउने किराको रुपमा रहेका भ्रष्टाचारीहरूलाई सामाजिक बहिष्कार गरी कडा कानूनी कारबाहीको माँगी गराउन सकिएमा भ्रष्टाचार नियन्त्रण गर्न केही सहयोग मिल्थ्यो कि ।

**३. "खाद्य सम्प्रभुता" को अवधारणा स्पष्ट पार्दै विकासोन्मुख मुलुकमा खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिमा देखिएका प्रमुख व्यवधानहरु उल्लेख गर्नुहोस् । (Clearly spell out the concept of "food sovereignty" and also mention the major hindrances of the healthy and convenient supply of food materials in developing countries.)**

**खाद्य सम्प्रभुताको अवधारणा**

व्यक्तिले उसको आवश्यकता अनुसार पाउनु पर्ने उचित, पोषणयुक्त र स्वच्छ खाना अर्थात खाद्य तथा पेय पदार्थको अधिकारलाई खाद्य सम्बन्धी अधिकार भनिन्छ । खाद्यान्नको अधिकार व्यक्तिको जीवनको अधिकारसँग प्रत्यक्ष सम्बन्धित भएकोले खाद्यान्नको अधिकारलाई जीवनको अधिकारसँगै जोडेर हेर्ने परम्पराबाट माथी उठ्दै पछिल्ला समयमा यसलाई छुट्टै अधिकारको रुपमा परिभाषित र प्रयोग गर्ने प्रचलन पनि रहेको पाईन्छ ।खाद्य सम्बन्धी अधिकार खाद्य सम्प्रभुता (Food sovereignty), खाद्य सुरक्षा (Food security) र खाद्य अधिकार (Right to food) सँग जोडिएको विषय हो ।

खाद्य सम्प्रभुतालाई राजनीतिक अवधारणा, खाद्य सुरक्षालाई प्राविधिक अवधारणा र खाद्यान्नको अधिकारलाई कानूनी अवधारणा मानिन्छ । खाद्य सम्प्रभुता भनेको कुनैपनि देशका जनता/नागरिकहरूलाई आफ्नो खाद्य प्रणालीको निर्धारण आफैले गर्न दिने अधिकार हो । खाद्य सम्प्रभुताले जनताहरूलाई तिनको आफ्नै खाद्यप्रणाली निर्धारण गराउने अधिकारको सुनिश्चितता गराउँछ ।

खाद्य सम्प्रभुता (Food Soverignty) शब्दको प्रयोग सर्वप्रथम सन् १९९६ मा via compessary का सदस्यहरूबाट भएको हो । खाद्यान्न उत्पादन गर्ने वितरण गर्ने र उपभोग गर्ने सिलसिलामा राष्ट्रका नीतिगत र निर्णायक भूमिका तिनै मानिसहरूले गर्दछन् जसले काम गर्दछन् भन्ने मान्यता यसले राख्दछ ।

खाद्य सम्प्रभुता सम्बन्धी सन् २००७ मा मालीमा भएको सम्मेलनबाट पारित भएको घोषणापत्रले खाद्य सम्प्रभुतालाई निम्नानुसार परिभाषित गरेको छ – "*Food Soverignty is the right of peoples to healthy and culturally appropriate food produced through ecologically sound and sustainable methods and their right to define their own food agriculture system*"

Question Bank Nepal